# जिल्ला प्रशासन कार्यालय, जुम्लाबाट प्रकाशित वार्षिक बुलेटिन

२०७६ श्रावण देखी २०७७ असार मसान्तसम्म, जिल्ला प्रशासन कार्यालय, जुम्ला




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, जुम्ला

२०७७ श्रावण

## जिल्ला प्रशासन कार्यालय, जुम्लाको सेवाग्राहीहरूसँग विशेष अनुरोध !

१) जिल्ला प्रशासन कार्रयालयबाट सेवा लिन आउने सेवाग्राही आफ्नो कामको लागि आफै आउनु होला।

२) जिल्ला प्रशासन कार्यालयको कामका लागि भनी कोही कसैलाई चिन्न वा भनसुन गराउन पर्दैन।

३) जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने कुनै पनि सेवा वापत सेवाग्राहीले तोकिएको शुल्क बाहेक अरू कुनै पनि अतिरिक्त शुल्क तिर्नु पर्दैन।

४) जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरूसँग राम्रो सम्बन्ध छ भनी हामी काम मिलाई दिन्छौं भन्ने व्यक्तिहरूको विश्वास नगर्नु होला । यदि कसैले त्यस्तो गरेको थाहा पाएमा कार्यालयका सूचना अधिकारीलाई सूचना दिनुहोला।

५) यस कार्यालयमा सेवा लिन आउँदा कामसँग सम्बन्धित कागजातहरू असम्बन्धित व्यक्तिलाई नदिनुहोला।

६) जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरू कानून बमोजिम तपाईको सेवा गर्न हरदम प्रयत्नशील छौं। तपाईको सन्तुष्टी नै हाम्रो सन्तुष्टी हो।

७) जेष्ठ नागरिक, अपांग, अशक्त र विपन्नहरूका लागि प्राथमिकता प्राप्त सेवा उपलब्ध हुन्छ। त्यसको लागि नागरिक सहायत कक्ष तथा भेटघाट कक्षमा सम्पर्क राख्नु होला।

८) यस कार्यालयबाट दिने सेवा सम्बन्धी कुनै जानकारी चाहिएमा सहायता कक्षमा सम्पर्क गर्नु होला।

९) कार्यालयको सेवा सम्बन्धी यस कार्यालयको Facebook Page , जिल्ला प्रशासन कार्यालय, जुम्ला र Website – daojumla.moha.gov.np मा लगइन गरी सेवा लिन सक्नुहुनेछ।

१०) कार्यालयको काम सम्बन्धमा कुनै गुनासो भएमा यस कार्यालयको फोन नं. ०८७ ५२०१८०, सूचना अधिकारी ( ९८५८३२०३८०) सँग सिधै सम्पर्क गर्न सक्नु हुनेछ।

११) कार्यालयको कामसँग सम्बन्धित पत्राचार, गुनासो भएमा, ना.प्र.नं. कार्यालयको अभिलेखसँग भिडान गर्नु परेमा, कार्यालयको ईमेल ठेगाना daojumla@gmail.com मा पठाउन सक्नु हुनेछ।

# प्रमुख जिल्ला अधिकारीको भनाई



कर्णाली प्रदेशको हिमाली जिल्लाको रूपमा समुन्द्री सतहबाट करिब २५१४ मिटरको उचाईमा अवस्थित जुम्ला जिल्लामा सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी, अर्ध सरकारी लगायतका सम्पूर्ण कार्यालयहरूले भौगोलिक हिसाबले समेत देशका अन्य सुगम जिल्लाहरूको तुलनामा थप जिम्मेवारी वहन गर्नु पर्ने अवस्था विद्यमान छ । नेपाल संविधान, स्थानीय प्रशासन ऐन लगायत अन्य प्रचलित कानूनको अधिनमा रही जिल्ला सुरक्षा तथा सुव्यवस्था कायम गर्ने, सवै प्रकारका अपराध नियन्त्रण गर्ने, जिल्ला स्थित सरकारी निकायवाट हुने सेवा प्रभावकारी बनाउने तथा जिल्लामा सुशासन कायम गर्ने, विपद् व्यवस्थापन सम्वन्धी कार्य गर्ने संघ, प्रदेश र स्थानीय तह वीच समन्वय गर्ने विकास निर्माण लगायतका जनसरोकारका जुजसुकै विषयमा सहयोग, समन्वय, सहजीकरण गर्ने अहम भूमिका जिल्ला प्रशासन कार्यालयको मुख्य जिम्मेवारीमा पर्दछ ।

आफ्नो कार्यालयको दैनिक प्रशासन संचालन गरी नागरिकता, राहदानी, विभिन्न प्रकृतिका सिफारिशहरू प्रदान गर्ने, विभिन्न तहका विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरी जिल्लामा आई पर्ने विपद् जन्य परिस्थितिहरूको व्यवस्थापन गर्ने, प्रचलित कानूनको अधिनमा रही आफ्नो क्षेत्राधिकार भित्रका अर्धन्यायिक कार्यहरूको शुरू कारवाही र न्यायिक निरूपण गर्ने, सम्मानित अदालतका फैसला कार्यान्वयन गर्ने गराउने, सार्वजनिक सम्पत्तिहरूको रेखदेख र संरक्षण गर्ने तथा विभिन्न संवैधानिक निकायहरू तथा आयोगहरूले प्रत्यायोजन गरेका कार्यहरू सम्पादन गर्ने जिम्मेवारी समेत जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गर्दछन । यसका साथै नेपाल सरकार, विषयगत मन्त्रालयहरू, प्रदेश सरकारले विभिन्न समयमा तोकिदिएका थप जिम्मेवारीहरू वहन गर्ने समेत जिल्ला प्रशासन कार्यालयको कर्तव्य हुन आउँछ । जिल्ला प्रशासन कार्यालयबाट सम्पादित सबै कार्यहरूको अभिलेखिकरण गर्न सम्भव नभए पनि निश्चित समयावधिमा सम्पादित मूख्य मूख्य कार्यहरूको अभिलेखिकरण गर्न सकिएको खण्डमा विगतमा भएका मूख्य कामहरूको अभिलेख रहने, भोलिका दिनमा सोही प्रकृतिका अन्य कार्य सम्पादन गर्न आवश्यक मार्ग दर्शन र पृष्ठपोषण प्राप्त हुने, आगामी दिनहरूमा प्रभावकारी कार्यसम्पादन गर्नको लागि उपयूक्त योजना , रणनीति र प्राथमिकताहरू निर्धारण गरी सहजरूपमा कार्यान्वयन मार्फत लक्षित उपलब्धी प्राप्त गर्न सकिने र विभिन्न समयमा सम्पादित कार्याहरूको अभिलेखलाई दस्तावेजको रूपमा समेत भोलीका दिनमा पनि उपयोग गर्न सकिने हुँदा नेपाल सरकार गृह मन्त्रालयका विभिन्न मितिका परिपत्र तथा मार्ग निर्देशनहरू लाई समेत ध्यानमा राखि आ.व. २०७६।०७७ को वार्षिक रूपमा जिल्ला प्रशासन कार्यालय, जुम्लाले सम्पादन गरेका मूख्य कार्यहरूलाई समावेश गरी यो वार्षिक बुलेटिन प्रकाशन गरिएको छ ।

प्रचलित कानून बमोजिम तोकिएको कार्यहरू सम्पादन गर्दै यो वार्षिक बुलेटिन प्रकाशन गर्ने कार्य सम्म अनवरत रूपमा आवश्यक मार्गदर्शन, पृष्ठपोषण, समन्वय र सहजिकरण गर्ने नेपाल सरकार, गृह मन्त्रालय र कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयका साथै जिल्ला स्थित सम्पूर्ण कार्यालयहरू, जिल्ला प्रशासन कार्यालय, जुम्लाका सम्पूर्ण कर्मचारीहरू, सुरक्षा निकाय, राजनीतिक दल, संघ संस्था, नागरिक समाज, निजी क्षेत्र र संचारकर्मी लगायत सम्पूर्ण जिल्लावासी महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दछु र कर्णाली एकीकृत ग्रामिण अनुसन्धान केन्द्र (किर्डाक) नेपालले यस बुलेटिन प्रकाशनमा सहयोग गर्नु भएकोले किर्डाक नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा जिल्ला प्रशासन कार्यालयल, जुम्लाले संचालन गर्ने कार्यहरूमा यँहाहरू सबैको निरन्तर सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु ।

२०७७।०८।१०

भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी

# सम्पादकीय

जिल्ला प्रशासन कार्यालय जुम्लाले गर्दै आएका नियमित तथा अन्य सिर्जनशील क्रियाकलापहरूलाई संग्रहित गरी प्रस्तुत वार्षिक " प्रशासन बुलेटिन " प्रकाशन गरिएको छ। यस बुलेटिन जिल्ला प्रशासन कार्यालय जुम्लाको संक्षिप्त परिचय र आ.व.२०७६।०७७ श्रावण देखि श्रावण सम्म यस कार्यालयबाट सम्पादित कार्यहरूको सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी दिन सहयोगी हुने अपेक्षा गरिएको छ।

वार्षिक बुलेटिन जुम्ला जिल्लाको सामान्य परिचय, कार्यालयको स्वीकृत संगठन र दरवन्दी विवरण एवं कार्यरत कर्मचारीहरूको विवरण, प्रशासनिक गतिविधिहरू, शान्ति सुरक्षा व्यवस्थापन, नागरिकता तथा राहदानी वितरण सम्बन्धी कार्य, मुद्दा फैसला तथा गुनासो व्यवस्थापन, लागु औषध नियन्त्रण, विपद् व्यवस्थापन, कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार, संघ संस्था सम्बन्धी विवरण लगाएत महत्वपूर्ण विवरण तथा रचानात्मक गतिविधिहरू चित्रात्मक रूपमा समेटिएको छ। प्रस्तुत बुलेटिनका सम्बन्धमा पाठकवर्ग, सेवाग्राहीहरू तथा अत्य सरोकारवालाहरूबाट आवश्यक पृष्ठपोषण सहित उचित सल्लाह सुझावको अपेक्षा गर्दछौं।

बुलेटिन प्रकाशनको क्रममा सल्लाह सुझाव र मार्गदर्शन सहित उत्प्रेरित गर्नुहुने प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यू प्रति हार्दिक आभार प्रकट गर्दछौं। कार्यालय समय बाहेकको समयमा अहोरात्र खटिई कार्यालयका क्रियाकलापहरूलाई संग्रहित गर्ने सम्पादन समूहका सदस्य साथीहरू र सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

२०७७ श्रावण

सम्पादन समूह

जिल्ला प्रशासन कार्यालय, जुम्ला

# सम्पादन समूह



ओम प्रकाश देवकोटा
सहायक प्रमुख जिल्ला अधिकारी



विष्णु बहादुर महत
नायब सुब्बा



दत्त लामा
नायब सुब्बा



जनक सिंह
कम्प्युटर अपरेटर



दान बहादुर महतारा
कम्प्युटर अपरेटर

# परिच्छेद– १ जुम्ला जिल्लाको चिनारी

## १. परिचय

नेपालको वर्तमान संघीय संरचना अनुसार जुम्ला जिल्ला कर्णाली प्रदेशका १० वटा जिल्लाहरु मध्ये एक हिमाली जिल्ला हो। यहाँको भूभाग केही भिरालो केही समथर र केही उच्च समस्थली खालको छ । जहाँ ठूला ठूला फाँटहरु अवस्थित छन ।जुम्ला जिल्लाको नामाकरणका सन्दर्भमा दुई वटा किम्बदन्तीहरु सुन्न पाईन्छ। पहिलो किम्बदन्तीका अनुसार खलङ्गा बजारको पुर्वतिर नेपाली सेनाको नं २४ बाहिनी रहेको स्थान देवल डाँडा र साविकको क्षेत्रीय प्रहरी कार्यालय रहेको स्थान गरल डाँडा जसलाई जुम्ल्याहा डाँडा भनिन्छ। जनश्रुति अनुसार परापुर्व कालमा खलङ्गामा रहेका दत्तात्रय मुनीलाई डस्न दुईवटा अजंगका नाग आउँदा मुनीलाई डस्न नपाउँदै स्वामीको शक्तिले ती दुवै नाग एकैचोटी भष्म भई देवल र गरल नामका जुम्याहा डाँडा बनेछन्। यिनै जुम्ल्याहा डाँडाको आधारमा जुम्ला नामाकरण हुन गएको भन्ने किम्बदन्ती छ भने अर्को किम्बदन्ती अनुसार जुम्ला जिल्लाकै पुर्वमा रहेका तिला र जवा गरी जुम्ल्याहा नदीको आधारमा पनि जुम्ला रहन गएको भन्ने जनश्रुति पाईन्छ।

### १.१ ऐतिहासिक पृष्ठभुमिः

हालको जुम्ला जिल्ला नागराजको पालामा जावेश्वर देश भनेर चिनिन्थ्यो । यस जिल्लाको सदरमुकाम खलङ्गामा सबभन्दा पहिले प्राचीन कालमा भारतबाट आएका चन्दननाथ बाबा सहित दुई जना ब्रह्मचारीहरुले बस्ती बसाई कृषि र शिक्षाको प्रचारप्रसार गरेका थिए भन्ने लोकोक्ति रहेको पाईन्छ। नागराजका अग्रज सिंजाली मल्ल राजाहरुको पालामा पूर्वमा कालीगण्डकी, पश्चिममा बद्री केदार, उत्तरमा मानसरोवर तक्लाखार र दक्षिणमा जामुकुईने घाटसम्म फैलिएको थियो। गोर्खाली राज्यको विजय पछि पूर्वमा ठाँगे, पश्चिममा कर्णालीको रामघाट र बाजुरा, उत्तरमा यारीलिमी गैरीलेख र दक्षिणमा जाजरकोट र दैलेखको सीमा भित्रको भूमि कायम गरिएको थियो । राणा शासनकालमा शासन सुविधाका लागि १८ दरामा विभाजित भई बि.सं. २०१९ साल पछि अञ्चल विभाजन हुँदा पूर्वमा तिलानदी, पश्चिममा रामघाट, उत्तरमा घोर्चीलेक र दक्षिणमा दैलेख जिल्ला भएको ४९ गाउँपञ्चायतको भूमि नै जुम्ला जिल्ला थियो भने हाल पूर्वमा मौर्य लेक, पश्चिममा नाग्मगाउँ, उत्तरमा घोर्चे लेक र दक्षिणमा जाजरकोट जिल्लाको सीमाना भित्र कायम भएको जिल्ला नै जुम्ला जिल्ला हो।

### १.२ भौगोलिक बनावटः

जुम्ला जिल्लाको पूर्वमा डोल्पा, पश्चिममा कालिकोट, उत्तरमा मुगु र दक्षिणमा जाजरकोट जिल्ला रहेका छन । कुल २५३१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको जुम्ला जिल्ला २८' ५८' देखि २९'३०' उत्तरी अक्षांश र८१'२८' देखि ८२'१८' पूर्वी देशान्तरसम्म फैलिएको छ। क्षेत्रगतरुपमा जुम्ला जिल्लालाई चौधबीस, आठबीस, पाँचसय र सिंजा क्षेत्र गरी चारवटा क्षेत्रमा विभाजन गरिएको छ। यो जिल्लाको अवस्थिति समुद्री सतहबाट ९१५ मीटर देखि ४६७९ मीटर उचाई सम्मको भू–भागमा रहेको छ।

### १.३ हावापानी, तापक्रम र बर्षा:

अग्ला लेकहरुदेखि नदी किनारका होचा वेशीहरुसम्म रहेको यस जिल्लाको भौगोलिक विविधताले गर्दा यहाँ हावापानी सबै ठाउँमा एकै प्रकारको छैन। उच्च लेकाली भू–भागमा अति जाडो र ठण्डी हुन्छ भने मध्य पहाडी भागमा गर्मी मौसममा केही न्यानो र हिउँदमा बढी ठण्डी हुने गर्दछ। भौगोलिक वनावटको आधारमा यहाँ मुख्य तीन किसिमका ठण्डा, सुख्खा र शितोष्ण हावापानी पाइन्छ। सबैभन्दा जाडो हुने महिनाहरु पौष, माघ हुन भने जेष्ठ, असार सबभन्दा गर्मी हुने महिनाहरु हुन र श्रावणमा सबभन्दा बढी बर्षा हुन्छ भने मंसीर र पौष महिना प्राय सुख्खा हुने गर्दछ।

तापक्रमः अधिकतम ३०'C न्युनतमः१४'C

औसत बर्षाः८०० मिमि

आद्रताः ४३.३५

### १.४ प्रमुख नदीनाला तथा तालहरुः

तिला, जवा र हिमा जुम्ला जिल्लाका प्रमुख नदीहरु हुन भने गडिगाड, हुरिगाड, लुमागाड, चोत्रगाड, चाखुरेगाड, जुगाड, उमगाड, गिरीखोला, भेरीखोला, गोरुखोला प्रमुख खोलाहरु हुन । जुम्ला जिल्लाका प्रमुखतालहरुमा शंखदह, विष्णु ताल, हुड्के ताल, जोगिनीताल, विष्ट दह, ठाकुरज्यूदह, गिरीदह, जगदुलाताल रहेका छन। चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, कार्तिक स्वामी, ठाकुरज्यू, दानसाँघु, मालिका, चोत्रगुम्बा, मणिसाँघु, डिल्लीकोट गुम्बा, माथाचौर गुम्बा, छिनासिंग गुम्बा, गोठीचौर, हाटसिंजा, तातोपानी, मिचाको देवल, खलाचौर देवल, उमगाडका सत्र खम्बा यस जिल्लाका प्रमुख पर्यटकीय स्थलहरु हुन।

### १.५ प्राकृतिक वनस्पति र जडिबुटीः

प्राकृतिक सम्पदाको दृष्टिले अत्यन्त सम्पन्न मानिने यस जुम्ला जिल्ला भौगोलिक बनावट एवं जलवायु विविधताले गर्दा यहाँ विभिन्न किसिमका वनस्पतिहरु पाईन्छन। यहाँको उच्च लेकाली भूभाग १२ हजार फिट भन्दा माथि ज्यादा हिउँ पर्ने र तापक्रम अति कम हुने भएकाले अग्ला रुखहरु हुर्कन सक्दैनन्। यस भूभागमा झाडी र बुट्यानहरुका साथै घाँसे मैदान मात्र रहन्छन। यसका अतिरिक्त राम्रा र सुन्दर फुलहरुका साथै बहुमुल्य जडिबुटीहरु प्रशस्त पाईने गर्दछ । यहाँ पाईने जडिबुटीहरुमा पाँचऔले, भुत्ले, जटामसी, कटुकी, पदमचाल, जीवनबुटी (यार्चागुम्बा) आदि मुख्य छन्। पतझर र कोणधारी वनले ढाकेको यस क्षेत्रमा सल्ला, धुपी, ठिंगो, गुराँस, भोजपत्र, ओखर र खर्सुका रुखहरु पाईन्छन्। यहाँ पाईने जंगली जनावरहरुमा कस्तुरी, झारल, घोरल, चितुवा, भालु, बंदेल र ब्वांसो पर्दछन्। त्यस्तै चराचुरङ्गीहरुमा डाँफे, कालिज, च्याखुरा, ढुकुर र परेवा आदि पाईन्छन्।

### १.६ भू उपयोग

| क्र.स. | विवरण | ओगेटेको क्षेत्र (हेक्टर) |
|---|---|---|
| १ | कुल कृषि योग्य जमिन | ३९४८६ |
| २ | कुल खेती योग्य जमिन | ३६४३५ |
| ३ | सिंचित ( खेत ) | ३२६९ |
| ४ | असिंचित खेत | २३१६६ |
| ५ | मौसमी ( खोला पानी ) | १५३ |
| ६ | अन्य नदी, खोला | २१३६१४ |

### १.७ धार्मिक परम्परा:

धार्मिक परम्परा अनुसार यहाँ कुल पुजालाई महत्व दिईन्छ । यहाँ मनाइने चाडपर्वहरुमा मुख्यतया श्रावण पुर्णिमा, कार्तिक पुर्णिमा, माघ र वैशाख पुर्णिमा आदि हुन् । यी पुर्णिमाहरुमा मष्टोको पुजाआजा धुमधामका साथ गरिन्छ । मष्टोलाई नै यहाँ महत्वपुर्ण दैवी शक्तिको रुपमा मानिन्छ । यी चाडपर्वहरुमा धामीझाँक्री पतुर्ने मेला लाग्दछ । यसका साथै कृष्ण जन्माष्टमी, तीज, बडा दशैं, चैते दशैं, तिहार, ल्होसार आदि चाडहरु पनि मनाउने गरिन्छ । परम्परागत रुपमा मनाउँदै आएको पुषे भैलो पाँच दिनसम्म खेल्ने गरिन्छ । यस्तै गरी बडा दशैंको घटस्थापनाको दिनमा जुम्लामा बस्ति बसाल्ने चन्दननाथ भैरवनाथको मन्दिरमा बाउन्न हातको लिंगो ध्वजा हाली खडा गर्ने दिन पनि धार्मिक दृष्टिले महत्वपुर्ण मानिन्छ । श्रावण, भाद्र महिनामा गाईजात्रा देखि ५ दिन सम्म क्रमशः गाईजात्रा, रोपाईँ, सिपाही, मेम र बादशाहजात्रा र बाघ, भालु जात्राहरु मनाईन्छ ।

### १.८ जातजाति र भाषाभाषीहरु:

यस जिल्लामा रहेका जातजातिहरु मध्य क्षेत्रीहरुको बाहुल्यता रहेको छ । यस जिल्लामा बाहुन, ठकुरी, क्षेत्री, कामी, दमाई, सार्की आदि जातजातिहरु मुख्य रुपमा बसोबास गर्दछन् ।अन्य जातिहरुमा तामाङ, नेवार, गुरुङ, थकाली केही संख्यामा पाईन्छन् । यहाँ बसोबास गरेका बाहुन, ठकुरी, क्षेत्रीहरुको विभिन्न थरहरु रहेका छन् । जसमा बाहुन जातिको थरहरुमा देवकोटा, न्यौपाने, चौलागाई, तिमिल्सिना, प्याकुरेल, गौतम, शर्मा, आचार्य, रेग्मी आदि प्रमुख छन् भने ठकुरीको थरहरुमा शाही, मल्ल, बम, खाँड, सिंह आदि हुन र क्षेत्रीको थरहरुमा कठायत, महत, रावल, विष्ट, रावत, रोकाया, महतारा, बुढा, बुढथापा, बोहरा र ऐडी आदि प्रमुख हुन् ।

यहाँ बोलिने प्रमुख भाषा राष्ट्रभाषा नेपाली नै हो तर यहाँ बोलिने भाषा र देशको अन्य पुर्वी तथा मध्यभाग तिर बोलिने नेपाली भाषामा फरक छ । यो जिल्ला नेपाली भाषाको उद्गम स्थल नै भएकाले यहाँ बोलिने भाषामा पृथ्वीनारायण शाहकालीन भाषा जस्तो झर्रो स्थानीय ठेट नेपाली शब्दहरुको प्रयोग हुन्छ तर जाति अनुसार आ–आफ्नै समुदायका स्थानीय जातिय भाषा पनि बोल्ने गरिन्छ ।

**१.९ भेषभुषाः**

सदरमुकाम नजिकै बस्ने र केही कर्मचारीहरु बाहेक यहाँका अधिकांस जनताहरु परम्परागत भेषभुषामा नै रहेको पाईन्छ । पुरुषहरु दौरा, सुरुवाल, कोट, टोपी लगाउछन भने महिलाहरु गुन्यु, चोली, पछ्यौरा, फरिया लगाउने गर्दछन् । महिलाले लगाउने गहनाहरुमा चाँदीका बाला, कल्ली, कम्पनी माला, दोलडी तिलहरी, एकगेडे, फुली, बुलाकी, बीच चुरा, पोते हुन् भने यहाँको परम्परागत पहिरन स्थानीय तहमा ठेटुवाबाट निर्मित कपडाहरु र खुट्टामा लाम, दोचाको प्रचलन हराउदै गइरहेको छ । विगत केही वर्ष अघि छिमेकी जिल्ला मुगु र डोल्पाबाट बसाइसराई गरी आएका लामा र तामाङ बौद्धमार्गीहरुको आफ्नै प्रकारको भेषभुषा र पहिरन रहेको छ । लामा र तामाङ जातिका मानिसहरुले लगाउने लुगालाई बख्खु र महिलाले लगाउने लुगालाई झेर्मा भन्ने गरिन्छ ।

**१.१० प्रशासनिक तथा राजनैतिक विभाजनः**

जुम्ला जिल्लामा १ वटा संघीय निर्वाचन क्षेत्र, २ वटा प्रदेश निर्वाचन क्षेत्र, ८ वटा स्थानीय तह ( १ नगरपालिका र ७ वटा गाउँपालिका) रहेका छन । खलंगा जुम्ला जिल्लाको सदरमुकाम हो ।

**१.११ व्यवसायः**

जुम्ला जिल्लाका अधिकाशं मानिसहरुको मूख्य पेशा खेती नै हो । यस बाहेक यहाँका बहुसंख्यक मानिसहरु जडीबुटी संकलन, नोकरी, व्यापार र अन्य व्यवसाय पनि अपनाउँछन् ।

**१.१२ प्रमुख व्यापारिक स्थलहरुः**

यस जिल्लाको प्रमुख व्यापारीक केन्द्र खलंगा बजार हो भने अन्य केही साना व्यापारिक स्थलहरु यस प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| १) तलिउम | २) तातोपानी | ३) नाग्मा | ४) नराकोट |
| ५) गोठिज्यूला | ६) उर्थु चौतारा | ७) डिल्लीचौर | ८) चौथा |
| ९) उमगाड | १०) दानसाँघु | ११) ल्हासी | |

**१.१३ यातायातः**

विगत २०४५/४६ सालदेखि सुर्खेत–जुम्ला (कर्णाली राजमार्ग २३२ किमि) मोटरबाटोको निर्माण कार्य भैरहेकोमा २०६३/६४ मा ट्र्याक पुरा भएर हाल नेपालगंज रुपमा बस सेवा संचालन भईरहेको छ । जुम्ला जिल्लाको १ नगरपालिका ७ वटै गाउँपालिका सडक संजालसंग जोडिएका छन भने जिल्ला सदरमुकाम देखि जुनसुकै गाउँपालिकामा १ दिन पैदलै पुग्न सकिने यस जिल्लाको भौगोलिक विशेषता रहेको छ ।

| पैदल मार्ग | सदरमुकाम पुग्न लाग्ने समय ( दिन ) | दुरी (कोष ) |
|---|---|---|
| जुम्ला- सुर्खेत | ६ | ६१ |
| जुम्ला- दैलेख | ४ | ४९ |
| जुम्ला-कालिकोट | ३ | ३६ |
| जुम्ला- हुम्ला | ६ | ७२ |
| जुम्ला-जाजरकोट | ५ | ५८ |
| जुम्ला-डोल्पा | ५ | ६० |
| जुम्ला-मुगु | २ | २० |
| जुम्ला-महेन्द्र ताल ( रारा ) | २ | ३० |

| हवाई मार्ग | एयरलाईन्स | उडान |
|---|---|---|
| नेपालगञ्ज- जुम्ला -नेपालगञ्ज | नेपाल वायु सेवा निगम तारा | हप्ताको २ दिन र चार्टर |
| जुम्ला- नेपालगञ्ज-काठमाण्डौ | एयरलाईन्स | हप्ताको २ दिन र चार्टर |
| सुर्खेत – जुम्ला – सुर्खेत | समीट एयर | नियमित चार्टर उडान |

**१.१४ जुम्ला जिल्ला सदरमुकाम देखि विभिन्न गाउँपालिकाहरू सम्मको दुरी:**

| क्र.स | स्थानीय तहको नाम | दुरी ( कोष ) |
|---|---|---|
| १ | जिल्ला सदरमुकामबाट चन्दननाथ नगरपालिका | ० |
| २ | जिल्ला सदरमुकामबाट कनकासुन्दरी गाउँपालिका | १७ |
| ३ | जिल्ला सदरमुकामबाट सिंजा गाउँपालिका | १४ |
| ४ | जिल्ला सदरमुकामबाट हिमा गाउँपालिका | १२ |
| ५ | जिल्ला सदरमुकामबाट तिला गाउँपालिका | १० |
| ६ | जिल्ला सदरमुकामबाट तातोपानी गाउँपालिका | ४ |
| ७ | जिल्ला सदरमुकामबाट पातारासी गाउँपालिका | ८ |
| ८ | जिल्ला सदरमुकामबाट गुठीचौर गाउँपालिका | ४ |

### १.१५ जुम्ला जिल्लाका स्थानीय तहहरूको विवरण

| सि.न | गाउँपालिकाको नाम | क्षेत्रफल | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| १ | चन्दननाथ नगरपालिका | १०२.०३ वर्ग कि.मी. | १९००४७ | खलंगा |
| २ | पातारासी गाउँपालिका | ८१४.०७ वर्ग कि.मी. | १४५७१ | डिल्लीचौर |
| ३ | गुठीचौर गाउँपालिका | ४२७ वर्ग कि.मी. | ९९२० | धवलमुडी |
| ४ | हिमा गाउँपालिका | १५३.२९ वर्ग कि.मी. | १०५५३ | चिउडीमच्ची |
| ५ | सिंजा गाउँपालिका | १५३.२९ वर्ग कि.मी. | १२३९५ | नराकोट |
| ६ | तातोपानी गाउँपालिका | ५२५. ५१ वर्ग कि.मी. | १४६३७ | लिताकोट |
| ७ | कनकासुन्दरी गाउँपालिका | १७५.३९ वर्ग कि.मी. | १२४६० | गोठीज्युला |
| ८ | तिला गाउँपालिका | १७५.३९ वर्ग कि.मी. | १६०७५ | डुण्डेली |

### १.१६ जनसांख्यिक विवरण ( जनगणना २०६८ )

| | |
|---|---|
| कुल जनसंख्या | १०८९२१ |
| महिला | ९४०२३ |
| पुरूष | ५४८९८ |
| जम्मा घरधुरी संख्या | १९३०३ |
| लिंग अनुपात | १०१६२ |
| औसत परिवार संख्या | ५.६४ |
| जनघनत्व | ४३ प्रति वर्ग कि.मी. |

### १.१७ जुम्ला जिल्लाको सिमाना तथा प्रवेश गर्ने नाकाहरूको विवरण

| दिशा | जिल्ला | नाका |
|---|---|---|
| पूर्व | डोल्पा | मौर्य लेख |
| पश्चिम | कालिकोट | नाग्म |
| उत्तर | मुगु | घोच्चे लेख |
| दक्षिण | जाजरकोट | दार्नालग्नालेख |
| क्षेत्रफल | २५३१ वर्ग कि.मी. | |

**जल विद्युत केन्द्रः**

साना जलविद्यूत उपभोक्ता समिति मार्फत विद्यूत आपूर्ति हूंदै आएको यस जिल्लामा आ.व. २०६७/७७ मा नेपाल विद्यूत प्राधिकरण वितरण केन्द्र, जूम्लाको स्थापना भएको छ। साना जलविद्यूत उपभोक्ता समितिद्धारा उत्पादित विद्यूतको स्वामित्व विस्तारै प्राधिकरणले लिन थाली सकेको छ । जूम्लामा हालसम्म ३३११ कि.वा. विद्युत उत्पादित यस जिल्लामा रहेका मूख्य मूख्य उत्पादित तथा निर्माणाधिन छ। तथा निर्माणाधिन केन्द्रहरु तपसिल अनूसार छन्।

१. घुघुती जलविद्यूत आयोजना, चन्दननाथ नगरपालिका, ११० कि.वा. उत्पादित,

२. नौमुले जलविद्यूत आयोजना, गुठीचौर गांउपालिका ७६.५ कि.वा. उत्पादित

३. दोचाडघार्ड जल विद्यूत आयोजना, गुठीचौर गांउपालिका ८६.५ कि.वा. उत्पादित

४. ठिन्के जल विद्यूत आयोजना, चन्दननाथ नगरपालिका ८६.५ कि.वा. उत्पादित

५. घोडेन जल-विद्यूत आयोजना, चन्दननाथ नगरपालिका ९८ कि.वा. उत्पादित

६. चूकेनीजल विद्यूत आयोजना, पातारासी गांउपालिका ५८ कि.वा. निर्माणाधिन

७. मालिकावोता जल विद्यूत आयोजना, कनकासून्दरी गां.पा. ३८ कि.वा. निर्माणाधिन

८. जालपादेवी जल विद्यूत आयोजना, तातोपानी गां.पा. २१४ कि.वा.

९. तिलाखोला जल विद्यूत आयोजना, तिला गां.पा. ९९८ कि.वा.

१०. अन्य ६३४ कि.वा.

जम्मा **३३११ कि.वा. उत्पादित**

## २. जिल्ला प्रशासन कार्यालय, जुम्लाको परिचयः

तत्कालिन श्री ५ को सरकारले नेपाल अधिराज्यको सरकारी सेवा प्रवाह गर्नको लागि यस जिल्लामा बडाहाकिमको कार्यालय वि.सं. २०२४ सालमा स्थापना गरी उक्त कार्यालयको कार्य संचालन गर्न वडाहाकिमको रूपमा राजेन्द्र पुरूष ढकाललाई नियूक्त गरी खटाईएको थियो । स्थानीय प्रशासन ऐन, २०२८ को प्रारम्भ पश्चात वडाहाकिमको कार्यालयलाई रूपान्तरण गरी जिल्ला प्रशासन कार्यालय, जुम्ला स्थापना गरिएको थियो । स्थानीय प्रशासन ऐन २०२८ बमोजिम यस जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न तथा जिल्ला स्थित अन्य कार्यालयहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन प्रवर्द्धन गर्ने जिम्मेवारीका साथ निरन्तर रूपमा संचालन हुँदै आएको छ । मूख्यतया यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेका गृह प्रशासन सम्बन्धी अधिकार क्षेत्र भित्र रहेर काम गर्दै आएको छ । जसमा संघ, प्रदेश, स्थानीय तहहरूवीच समन्वय र सुरक्षा प्रवन्ध, अपराध नियन्त्रण, दैनिक रूपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजानिक सम्पतिको संरक्षण, जुवाजन्य क्रियाकलापको नियन्त्रण, लागु औषधको नियन्त्रण तथा नियमन, विपद् व्यवस्थापन, अन्य आवश्यक बस्तु तथा सेवाको आपूर्ति तथा उपभोक्ताहित संरक्षण, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था, समाजमा रहेका कुरीति, कुप्रथा, कुसंस्कार (जस्तै वालविवाह, मानव बेचविखन, छाउ(छुई) प्रथा) को उन्मूलन सम्बन्धी जनचेतना फैलाउने र अन्य आकस्मिक सम्पूर्ण कार्यहरू सम्पादन गर्दै आएको छ ।




जिल्ला प्रशासन कार्यालय जुम्लाको कार्यालय भवन

## ३. जिल्ला प्रशासन कार्यालय, जुम्लाको मूख्य कार्यहरू :

जिल्लामा शान्ति सुरक्षा र सु–व्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यलयको मूख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा शान्ति सुरक्षा र सु–व्यवस्था कायम गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजानिक शान्ति विरूद्धका कसुरहरूमा समन्वय सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय, जुम्लाको मूख्य मूख्य कार्यहरू हुन ।

## ३.१. जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण:

| क्र.सं. | नाम,थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | भूपेन्द्र थापा | प्रमुख जिल्ला अधिकारी | ९८५८३२७७७७ |
| २ | ओम प्रकाश देवकोटा | सहायक प्रमुख जिल्ला अधिकारी | ९८५८३२०३८० |
| ३ | कविदत्त न्यौपाने | ना.सु. | |
| ४ | विष्णु बहादुर महत | ना.सु. | |
| ५ | सुरत गिरी | ना.सु. | |
| ६ | दत्त लामा | ना.सु. | |
| ७ | मन प्रसाद खत्री | लेखापाल | |
| ८ | दान बहादुर महतारा | क.अ. | |
| ९ | जनक बहादुर सिंह | क.अ. | |
| १० | राम कृष्ण पाण्डे | खरिदार | |
| ११ | हरिहर काफ्ले | खरिदार | |
| १२ | जीतेन्द्र गिरी | सवारी चालक | |
| १३ | मणिकिशोर चौलागाई | का.स. | |
| १४ | दत्त बहादुर बोहोरा | का.स. | |
| १५ | धिर बहादुरा घर्ति | का.स. | |
| १६ | मुने बुढा | का.स. | |
| १७ | डिल्ली श्रेष्ठ | का.स. | |
| १८ | बल बहादुर रावल | का.स. | |
| १९ | भागिराम थारू | का.स. | |

## ४. जिल्ला प्रशासन कार्यालय, जुम्लाबाट प्रवाह गरिने सेवा / कार्यहरू:

### ४.१. शान्ति सुरक्षा तथा सु- व्यवस्था सम्बन्धी कार्य :

- शान्ति सुरक्षा कायम गर्ने,
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने,
- सुरक्षा निकायहरूको परिचालन गर्ने,

- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह नागरिक समाज तथा सरोकारवालाहरूसँग सहकार्य गर्ने।

## ४.२. स्थानीय प्रशासन सम्बन्धी कार्य :

- संघ संस्था दर्ता, नवीकरण, विधान संसोधन, शाखा खोल्ने अनुमति दिने तथा नियमन गर्ने।
- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण गर्ने।
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नवीकरण तथा नियमन गर्ने।
- सार्वजनिक सम्पतिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्ने।
- नाम, थर वा उमेर आदि प्रमाणित गर्ने।
- नाबालकको उमेर प्रमाणित गर्ने।
- पारिवारिक पेन्सन, शपथ पत्र सम्बन्धी सिफारिस / प्रमाणित गर्ने।
- पत्रपत्रिका दर्ता गर्ने।
- छापाखाना दर्ता गर्ने।
- पारिवारिक विवरण प्रमाणित गर्ने।
- नाता प्रमाणित गर्ने।

## ४.३. राहदानी सम्बन्धी कार्य :




- राहदानी सम्बन्धी फाराम संकलन गर्ने,
- द्रुत सेवा अभिलेख प्रमाणित गर्ने,
- राहदानी वितरण गर्ने,
- MRP को विवरण संशोधन गर्ने,

## ४.४. नागरिकता सम्बन्धी कार्य :

- वंशजको आधारमा नागरिकताको प्रमाण–पत्र वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण–पत्र वितरण गर्ने,
- नागरिताको प्रमाण– पत्रको प्रतिलिपि वितरण गर्ने,
- नाम थर, जन्म मिति  तथा अन्य विवरण संशोधन (दफा १७ बमोजिम) गर्ने,



## ४.५. अर्धन्यायिक कार्य :

- सार्वजानिक शान्ति सुरक्षा विरूद्धका कसुरहरूको शुरू कारवाही तथा न्यायिक निर्णय गर्ने।
- विशेष ऐनमा मुद्दा हेर्ने अधिकारीको रूपमा प्रमुख जिल्ला अधिकारी तोकिएका कसुरहरूमा शुरू कारवाही तथा न्यायिक निर्णय गर्ने।

## ४.६. बजार अनुगमन / उपभोक्ता हित सम्बन्धी कार्य :

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति, पँहुच तथा गुणस्तर सुनिश्चित गर्नका लागि स्थानीय सरकारसँगको सहकार्यमा बजार अनुगमन तथा नियमन गर्ने।
- उपभोक्ता हित संरक्षणका लागि सचेतीकरण गर्ने।



अनुगमन पश्चात अखाध्य बस्तु नस्ट गरिदै

## ४.७. विपद् व्यवस्थापन सम्बन्धी कार्य:

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जूमा तथा कार्यान्वयन गर्ने र गराउने,
- मनसुन अपतकालीन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र गराउने,
- विपद् क्षती विवरण संकलन तथा विपद् पीडितहरूलाई क्षतिपूर्ति एवम् राहत वितरण गर्ने।

## ४.८. अख्तियार दुरूपयोग अनुसन्धान सम्बन्धी कार्य:

- नेपाल राजपत्र भाग ४, संख्या ४३ मिति २०७५ मंसीर २४ अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अधिकार प्रत्यायोजन भए अनुसारका अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूको छानवीन र विस्तृत अनुसन्धान तथा कारवाही सम्बन्धी कार्य गर्ने।

### ४.९. विविध कार्य:

- गुनासो सुनुवाई गर्ने,
- विकास आयोजनाहरू कार्यान्वयनमा समन्वय गर्ने,
- स्थानीय तहसँग समन्वय गर्ने,
- सरकारी निकायबाट हुने सार्वजानिक सेवा प्रवाहको अनुगमन गर्ने,
- नेपाल सरकार गृह मन्त्रालय, कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने।

## ५. शाखाहरू/फाँटहरू:

जिल्ला प्रशासन कार्यालयबाट कार्य विवरण अनुसारका कार्यहरू सम्पादन गर्नका लागि यस कार्यालयमा निम्नानुसारका फाँटहरूको व्यवस्था गरिएको छ।

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क न. |
|---|---|---|---|
| १ | समग्र सेवा प्रवाह तथा गुनासो व्यवस्थापन | स.प्र.जि.अ. ओम प्रकाश देवकोटा | ९८५८३२०३८० |
| २ | कर्मचारी प्रशासन तथा संस्था दर्ता फाँट | ना.सु. विष्णु बहादुर महत | ९८६८३८२५२८ |
| ३ | नागरिकता तथा प्रतिलिपि फाँट | ना.सु. सुरत गिरी<br>खरिदारः हरिहर काफ्ले | ९८६०८६०२५७<br>९८६४९८०८०६ |
| ४ | स्थानीय प्रशासन, मुद्दा तथा शान्ति सुरक्षा फाँट | खरिदार रामकृष्ण पाण्डे | ९८४८०९७७३२ |
| ५ | राहदानी फाँट | ना.सु. दत्त लामा | ९८४८३१२५४८ |
| ६ | जिन्सी तथा अभिलेख व्यवस्थापन फाँट | ना.सु.कविदत्त न्यौपाने | ९८५८३२०३०१ |
| ७ | सूचना/प्रविधि फाँट | क.अ. जनक सिंह<br>क.अ. दान बहादुर महतारा | ९८४२६७३२५५ |

| | | | |
|---|---|---|---|
| ८ | आर्थिक प्रशासन फाँट | लेखापाल मन प्रसाद खत्री | ९८५८३२०६३४ |

## ६. जिल्ला प्रशासन कार्यालय, जुम्लाको कर्मचारी दरवन्दी :

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी (रा.प.प्र.) | १ | १ | रा.प.द्वि. |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.द्व.) | १ | ० | |
| ३ | प्रशासकीय अधिकृत/स.प्र.जि.अ. (रा.प.तृ.) | २ | १ | |
| ४ | नायब सुब्बा | ५ | ५ | |
| ५ | लेखापाल | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | २ | २ | करार |
| ७ | खरिदार | ३ | २ | १ रिक्त |
| ८ | हलुका सवारी चालक | १ | १ | |
| ९ | कार्यालय सहयोगी | ६ | ६ | |
| | जम्मा | २२ | १९ | |

# जिल्ला प्रशासन कार्यालय जुम्ला स्वीकृत संगठन संरचना र दरबन्दी तेरिज

नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, जुम्लाको संगठन संरचना

प्रमुख जिल्ला अधिकारी
रा.प. प्रथम (प्र/सा.प्र) १

निजी ना.सु. रा.प.अनं.प्र.
(प्र./सा.प्र) १
ह.स.चा. श्रेणिविहिन-१
का.स. श्रे.णीविहिन-१

सहायक प्रमुख जिल्ला अधिकारी
रा.प.द्धि. (प्र./सा.प्र)

प्रशासकीय अधिकृत- २
रा.प.तृतीय (प्र/सा.प्र)

स्थानिय प्रशासन , मुद्दा तथा शा.सु. फाँट
ना.सु. रा.प.अनं..प्र(प्र./सा.प्र) १
खरिदार रा.प.अनं. द्धि.(प्र./सा.प्र.)१
का.स. श्रेणिविहिन-१

नागरिकता तथा प्रतिलिपि फाँट
ना.सु. रा.प.अनं..प्र(प्र./सा.प्र) १
क.अ. रा.प.अनं.प्र.(विविध)१
खरिदार रा.प.अनं. द्धि.(प्र./सा.प्र.)१
का.स. श्रेणिविहिन-१

आर्थिक प्रशासन फाँट
ले.पा. रा.प.अनं..प्र(प्र./लेखा) १

राहदानी तथा जिन्सी फाँट
ना.सु. रा.प.अनं..प्र(प्र./सा.प्र) १
का.स. श्रेणिविहिन-१

प्रशासन फाँट
ना.सु. रा.प.अनं..प्र(प्र./सा.प्र) १
खरिदार रा.प.अनं. द्धि.(प्र./सा.प्र.)१
का.स. श्रेणिविहिन-१

सूचना प्रविधि फाँट
क.अ. –२ (करार)
का.स. श्रेणिविहिन-१

## ७. जिल्ला प्रशासन कार्यालय, जुम्लाको कार्यसम्पादन अवस्था :

| क्र.सं. | सम्पादन गरेको काम | आ.व. ०७५/७६ अ.ल्या. | आ.व. २०७६/०७७ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अर्ध वार्षिक २०७६ श्रावण देखी ०७६ पुष सम्म | ०७६ माघ | ०७६ फागुन | ०७६ चैत | ०७७ बैशाख | ०७७ जेष्ठ | ०७७ असार | जम्मा |
| १ | नागरिता वितरण — बंशज | | ७८७ | ६९ | १०२ | १७ | ० | ० | ४७ | १०२२ |
| २ | नागरिकताको प्रतिलिपि वितरण | ० | ४४० | ७५ | १०३ | २० | ० | ० | १५ | ६७५ |
| ३ | राहदानी सामान्य सिफारिस | ० | १०० | ५८ | ० | ३ | ० | ० | २ | १६३ |
| ४ | राहदानी द्रुत सिफारिस | ० | २८७ | ५८ | ० | ३ | ० | ० | ० | ३४८ |
| ५ | राष्ट्रिय परिचय पत्र दर्ता | ० | ९०० | ५ | २६ | २८ | ० | ० | ० | ९५९ |
| ६ | गुनासो वा ठाडो उजुरी | ० | ९ | ४ | ३ | ४ | १ | १ | २ | २४ |
| ७ | नाम,थर,उमेर आदि प्रमाणित | ० | ५३ | ४ | १ | ६ | ० | ० | ० | ६४ |
| ८ | नाबालक प्रमाणपत्र | ० | १८५ | ० | ३३ | ० | ० | ० | ० | २१८ |
| १० | संस्था दर्ता | ० | २ | ० | ० | १ | ० | ० | ० | ३ |
| ११ | संस्था नवीकरण | ० | ३५ | ० | १ | ० | ० | ० | ० | ३६ |
| १२ | संस्थाको विधान संशोधन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | हातहतियार जिल्ला भित्रको नवीकरण | ० | ३ | ० | ० | ० | ० | ० | ० | ३ |
| १९ | सार्वजनिक अपराध र | ० | २० | ० | ० | ० | १ | १ | ३ | २५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक शान्ति विरूद्धका कसुर सम्बन्धी मुद्धा दर्ता | | | | | | | | | |
| २० | सार्वजनिक अपराध र सार्वजनिक शान्ति विरूद्धका कसुर सम्बन्धी मुद्धा फछौंट | ० | १४ | २ | २ | ० | ० | ० | २ | २० |
| २२ | बजार अनुगमन | ० | ६ | ० | ० | ० | ० | ० | १ | ७ |
| २३ | विपद् राहत वितरण | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | **बैठक सन्चालन** | | | | | |
| | जिल्ला सुरक्षा समिति | ० | १९ | ४ | १ | १ | ४ | ११ | १० | ५० |
| | कार्यालय प्रमुख | ० | ४ | १ | २ | १ | ० | १ | ० | ९ |
| | सुचना अधिकारी | ० | ८ | ० | ० | ० | ० | ० | १ | ९ |
| | DCCMC | ० | ० | ० | ० | ० | ४ | १० | ७ | २१ |
| २५ | विपद् व्यवस्थापन | ० | ५ | ० | १ | २ | २ | ४ | १ | १५ |
| २६ | | | | | **राजश्व संकलन** | | | | | |
| | राहदानी | ० | ५८००००। | ५०००० | १६५००० | १०००० | ० | ० | १०००० | ८,१५,०००। |
| | संघसंस्था दर्ता,नविकरण | ० | १८७५० | ० | ० | ३००० | ० | ० | ० | २१७५०। |
| | न्यायिक दण्ड जरिवाना | ० | ६३००० | ० | १५००० | १०००० | ० | ० | ० | ९८०००। |
| | धरौटी | ० | ० | ० | ० | ० | ० | ० | २६००० | २६००० |

# २०७६ श्रावण देखि २०७७ असारसम्म सवारी नियम उल्लंघन गरी चलाएका सवारी साधनबाट उठेको राजस्वको विवरण

| सि.नं. | महिना | राजस्व रकम |
|---|---|---|
| | अर्धवार्षिक ०७६ श्रावण देखि ०७६ पुष | ६३५५००। |
| १ | २०७६ माघ | ७६०००। |
| २ | २०७६ फागुन | १५६५००। |
| ३ | २०७६ चैत्र | २१५००। |
| ५ | २०७७ बैशाख | १००० |
| ६ | २०७७ जेष्ठ | ६०००। |
| ६ | २०७७ असार | १२९५०० |
| | जम्मा | १०२४०००। |

श्रोतः जिल्ला ट्राफिक प्रहरी कार्यालय, जुम्ला

## ८. जिल्ला प्रशासन कार्यालयबाट सुशासन / सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा भएका मूख्य मूख्य प्रयासहरू:

### ८.१. लागु औषध सम्बन्धी:

१) जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. ५ चन्दननाथ/ भैरवनाथ मन्दिरको परिसर भित्र आफै उम्रेको गाँजा मिति २०७६।०५।२६ गते प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेज्युको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल समेतको सहभागितामा फडानी गरिएको थियो। उक्त गाँजा फडानी कार्यमा नागरिक समाज, व्यापारी, पत्रकार, बुद्धिजिवी, अन्य सरोकारवाला निकायको सहयोग रहेको थियो।

२) २०७६ श्रावण देखि पौषसम्म जुम्ला जिल्लाको विभिन्न स्थानबाट लागु औषध ( ब्राउन सुगर) प्रयोगकर्ता र कारोबारी गरी १२ जना ब्यक्तिहरू पक्राउ परेको र सो मुद्धामा ४४ जना लाई प्रतिवादी बनाई मुद्धा दायर गर्नुका साथै निजहरूबाट २१ ग्राम ब्राउन सुगर बरामद गरिएको थियो।

३) मिति २०७६।०७।१६ गते जिल्ला जुम्ला पातारासी गाँउपालिका वडा नं. ४ लुम स्थित कस्तुरीको बिना थान २ (दुई) बरामद गरी आवश्यक कारबाहीको लागि वन डिभिजन कार्यालय, जुम्लामा बुझाईएको जिल्ला प्रहरी कार्यालय, जुम्लाबाट विवरण रहेको छ ।

### ८.२. सडक अवरूद्ध तथा संचालन:

१) तातोपानी गाँउपालिका वडा नम्वर ४ र ५ जोड्ने ऐतिहासिक महत्व बोकेको २०४७ सालमा निर्मित काठे पुल मिति २०७६ साल श्रावण २१ गते तिला नदिले बगाएको थियो। उक्त स्थानमा प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडे, जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रमुख सिताराम रिजाल सहित जिल्ला स्थित सुरक्षा निकायबाट स्थलगत अवलोकन भएको थियो। स्थानीय तह , स्थानीय बासीहरूको सक्रियतामा २ दिन पछि फड्के निर्माण गरी आवतजावत सुचारू भएको थियो। हाल





तातोपानी गाँउपालिका वडा नम्वर ४ र ५ जोड्ने ऐतिहासिक पुल निर्माण अघि र निर्माण सम्पन्न पछि काठे पुल

यस ठाँउमा गाँउपालिकाको आर्थिक सहयोगमा काठेपुल निर्माण भएको छ। यसको स्तर उन्नतीको लागि पहल भै रहेको जानकारी तातोपानी गाँउपालिकाबाट प्राप्त भएको छ।

२) कालिकोट जिल्लाको तिलागुफा नगरपालिका ७ छाप्रे र टाकुल्लामा भीषण पहिरोको कारण मिति २०७६ भाद्र ११ गते अबरुद्द भएको कर्णाली राजमार्ग जिल्ला जिल्ला सुरक्षा समिति, जुम्ला र कालिकोटको संयुक्त प्रयासबाट सुचारू गरियो।

३) २०७६ साल मंसिर २५,२६ र २७ गते परेको भारी हिमपातको कारणले अवरुद्ध भएको नाग्मा -गमगढि सडक खण्ड जिल्ला प्रशासन कार्यालय, सडक डिभिजन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सहकार्यमा संचालनमा ल्याईएको थियो।

४) २०७६ साल मंसीर २७ गते जिल्ला स्थित सुरक्षा निकायहरूको संयुक्त प्रयासबाट जुम्ला विमानस्थलको रनवेमा जम्मा भएको हिउँ पन्छाएर विमानस्थल खोलिएको थियो।

## ८.३. सरकारी कार्यालयको अनुगमनः

१) मिति २०७६ साल श्रावण १९ गते जुम्ला जिल्लामा अवस्थित विभिन्न कार्यालयहरूबाट भएको सार्वजनिक सेवा प्रवाह र कर्मचारीहरूको अवस्था सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, जुम्लाका कर्मचारीहरूलाई ४ वटा समूहमा विभाजन गरी एकै पटक २८ वटा कार्यालयहरूमा अनुगमन गरिएको थियो। अनुगमनको क्रममा ९ (नौ) वटा कार्यालयमा कार्यालय प्रमुखहरू कार्यालयमा उपस्थित रहेको, ८ (आठ) वटा कार्यालयका कार्यालय प्रमुखहरू कार्यालयको कामकाजको सिलशिलामा जिल्ला वाहिर काजमा रहेका र ११ (एघार) वटा कार्यालयमा कार्यालय प्रमुखहरू अनुपस्थित रहेको देखियो। २८ वटै कार्यालयको हाजिरी किताब जिल्ला प्रशासन कार्यालयमा ल्याई रूजु गर्दा जम्मा ४९ जना विभिन्न पदका कर्मचारीहरू अनुपस्थित रहेको पाईएको थियो।

## ८.४. नागरिक सुनुवाई कार्यक्रमः

१) जिल्ला प्रशासन कार्यालय, जुम्लाको आयोजनामा मिति २०७६ भाद्र ३ गते जुम्ला जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकायहरु सहित सार्वजनिक सेवा प्रवाह गर्ने सेवा प्रदायक ४६ वटा कार्यालयका कार्यालय प्रमुखको उपस्थितिमा नागरिक सुनुवाई कार्यक्रम सम्पन्न भएको थियो। संचारकर्मी लगाएत सरोकारवाला निकायवाट सोधिएका प्रश्नहरूकोजवाफ प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडे लगाएत अन्य सुरक्षा निकाय र कार्यालयका प्रमुखबाट सम्बोधन गरिएको थियो। जिल्लाको सार्वजनिक सेवालाई सबल, सहज र नागरकि मैत्री बनाउन सबैले आ- आफ्नो क्षेत्रबाट सहकार्य गर्ने प्रतिवद्धता समेत भएको थियो।



नागरिक सुनवाइ

## ८.५. सस्कृति प्रवर्द्धनः

१) परम्परागत धार्मीक संस्तागत गर्दै लैजान बाजुरा जिल्लाको वडिमालिकाको पूजा अर्चनाको लागि जिल्ला प्रशासन कार्यालय, जुम्लामा झोली पूजा गरी यात्रा सुभारम्भ, तत्कालिन जुम्ला राज्य र डोटी राज्यद्धारा संयुक्त रूपमा पूजा गर्ने प्रचलन अनुसार जुम्लाबाट पूजा टोली वडिमालिका पठाईयो । फर्की आएको टोलीलाई जिल्ला स्थित सुरक्षा निकायहरूबाट सलामी अर्पण गरिदै । परम्परागत रूपमा चली आएको बडीमालिका पूजाका लागि यस जिल्लाको पूजा टोलीलाई मिति २०७६ श्रावण २० गते नाग पंचमीका दिनमा बाजुरा जिल्लातर्फ प्रस्थानको लागि जिल्ला प्रशासन कार्यालयमा सुरक्षा निकायबाट सलामी सहित झोली पूजा गरी शुभारम्भ गरिएको थियो । उक्त बडीमालिका पूजामा जाने व्यक्तिहरूको नेतृत्व जिल्ला प्रशासन कार्यालयका ना.सु. श्री बिष्णु बहादुर महतले गर्नु भएको थियो ।

१) परम्परागत धार्मिक संस्कारलाई संस्थागत गर्दै लैजान बाजुरा जिल्लाको वडिमालिकाको पूजाआजाको लागि जिल्ला प्रशासन कार्यालय, जुम्लामा झोली पूजा गरी यात्रा शुभारम्भ ।

२) तत्कालिन जुम्ला राज्य र डोटी राज्यद्धारा संयुक्त रूपमा पूजा गर्ने प्रचलन अनुसार जुम्लाबाट पूजाआजा टोली वडिमालिका पठाईयो ।



बडीमालिका पूजाका लागि वडिमालिका प्रस्थानको लागि प्रमुख जिल्ला अधिकारिको कार्यकक्षमा झोली पुजा गरिदै ।



बडीमालिका पूजाबाट फर्के पछि टुडिखेलमा

३) मिति २०७६ साल श्रावण २३ गतेका दिन श्री प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडेको संयोजकत्वमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला प्रहरी कार्यालय, चन्दननाथ नगरपालिका, चन्दननाथ मन्दिर गुठी, उद्योग वाणिज्य संघ, साना जलविद्दुत उपभोक्ता समिति, नेपाल स्काउट, स.सि.सि अल्मुनाई, गैह्र सरकारी महासंघ, नागरिक समाज र संचारकर्मीको संयुक्त " कृष्ण अष्टमी जात्रा सञ्चालन" समिति गठन गरी कामको वाँडफाड गरिएको थियो ।

## ८.६. छाउपडि विरूद्धको महाअभियान:



१) सामाजिक कुरीति, कुसंस्कार, बेथिति र अन्ध विश्वासको रूपमा रहेको छाउपडि कुप्रथाका कारण दिन प्रतिदिन विभिन्न सामाजिक अपराध, महिला तथा बालबालिका हिंसामा वृद्धि, महिला अधिकार माथि चरम अपहेलना जस्ता विकृतिहरू बढ्न गई २१ औं शताब्दीमा पनि महिला माथि छाउपडि कुप्रथाका नाममा विभेद र अत्याचार भईरहेको भन्ने गुनासो र समाचारहरू आइरहेका छन् । विशेष गरी कर्णाली र सुदुरपश्चिम प्रदेशका पहाडी र हिमाली जिल्लाहरूमा छाउ (मासिक श्राव) भएको समयमा महिलाहरूलाई घरदेखि अलि टाढा रहेको सानो झुपडी (छाउगोठ) मा पठाउने कार्यलाई कुरीति घोषणा गर्ने र त्यस्तो गराउन निषेध गर्न नेपाल सरकार मन्त्रीपरिषद्ले मिति २०६३।०१।२६ मा निर्णय समेत गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा



१६८ को उपदफा ४ ले महिलाको रजस्वला वा सुत्केरी अवस्थामा छाउपडिमा राख्न वा त्यस्तै अन्य कुनै किसिमको विभेद वा छुवाछुत वा अमानवीय व्यवहारको कसुर गर्ने व्यक्तिलाई ३ महिना सम्म कैद वा ३ हजार रूपैया जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । यद्पी यस क्षेत्रमा छाउपडिका कारण वर्षेनी महिला तथा तिनका स- साना बालबालिकाहरू छाउ गोठमा मरिरहेको अवस्था चुनौतीका रूपमा रहेको छ । २०७६ पौष १० गते छाउपडि लगाएत कुरूती कुसंस्कार उन्मूलन गर्ने जिल्ला स्तरीय छाउपडि उन्मूलन समन्वय समिति गठन गरियो । २०७६ पौष १२ गते कुसंस्कार विरूद्ध जिल्ला प्रशासन कार्यालयमा भैलो कार्यक्रम गरिएको थियो ।



२) २०७६ पौष पहिलो हप्तातिर जुम्लाको कुनै सरकारी स्कूलमा छाउ भएका कारण किशोरीहरू कक्षाकोठा भित्र बसी पढ्न नपाएको र अछाममा छाउगोठमा सुतिरहेको अवस्थामा एक जना महिलाको मृत्यु भएको पृष्ठभूमिमा नेपाल सरकार, गृह मन्त्रालयको च.नं. २००८ मिति २०७६।०९।०८ गतेको प्रेषित पत्रानुसार यस विषयलाई उच्च प्राथमिकता दिई प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख सदस्य रहने गरी एक संयन्त्र बनाउने निर्देशन बमोजिम मिति २०७६।०९।१० गते संयन्त्र बनाउने निर्णय गरिएको थियो । यस क्रममा " छाउपडि

विरूद्धको महाअभियान "  नाम दिई २०७६।०९।१७ गते जिल्ला सदरमुकाममा रहेको टुँडिखेल स्थित जिल्लाका सम्पूर्ण सरकारी कार्यालयहरू, सुरक्षा निकाय, स्थानीय तहहरू, सबै राजनीतिक दल, गैह्रसरकारी संस्थाहरू,  सामाजिक अगुवा (धामी, झाक्री, पुरोहित), स्वास्थ्यकर्मी,  नागरिक समाज र संचारकर्मीहरूको वृहत भेला आयोजना गरिएको थियो । " हामी छुई मान्दैनौ र मान्न बाध्य पार्नेलाई कानूनी दायरामा ल्याउनमा सहयोग गर्छौं" भन्दै सयौ नागरिकहरूको उपस्थितिमा महाअभियानको शुरूवात गरिएको थियो । छाउपडि प्रथा लगायतका कुरीति , कुसंस्कार र अन्धविश्वासलाई समाजबाट निमिट्यान्न पार्न सो भेलाले  हौसला प्रदान गरेको थियो । भेलामा उपस्थित भएका मानिसहरूको उपस्थितिमा मानव सांङ्लोबाट नेपालको झण्डा बनाई प्रदर्शन पनि गरिएको थियो । भेलामा सहभागी सम्पूर्ण उच्च पदस्थ महानुभावहरूले रातो, हरियो र निलो रंग दुवै हातमा लगाई त्यसको पञ्जाछाप सेतो कपडामा लगाएर छाउप्रथालाई कार्यालय तथा आफ्नो घरबाट अन्त्य गर्ने प्रतिवद्धता समेत जनाउनु भएको थियो ।

## ८.७. जिल्लाको शान्ति सुरक्षा कायम गर्न समूदाय प्रहरी साझेदारी सहकार्यः

१) शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, विपद व्यवस्थापन, लागु औषध नियन्त्रण, मदिरा व्यवस्थापन, लैंगिक तथा महिला हिंसा नियन्त्रण लगायत जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्थाको बारेमा प्रमुख जिल्ला अधिकारी श्री दुर्गा वञ्जाडेबाट मिति २०७६ भाद्र ३१ गते कारागार कार्यालय, आश्विन १ गते जिल्ला प्रहरी कार्यालय र आश्विन ४ गते अस्थाई प्रहरी पोष्ट पटमारा ३ उर्थु चौताराको निरीक्षण गरी कार्यालयहरूको वस्तुस्थितको जानकारी समेत लिई आन्तरिक सुरक्षा व्यवस्था मजवुत बनाई राष्ट्रिय एकता, सामाजिक सदभाव, सहिष्णुता र सहकार्यको संस्कृतिलाई सुदृढ गर्न आवश्यक निर्देशन सहित सुझाव प्रदान गर्नुभएको थियो ।

२) मिति २०७६।०५।०६ गते  जिल्ला जुम्ला तिला गा.पा.वडा नं. ७ फोख्रि बस्ने वर्ष २५ को पर बहादुर रोकायले तिला गा.पा. सेती भन्ने स्थानमा आफ्नै मकै बारीमा भालुलाई थापेको भरुवा बन्दुक पटकिन गई आफ्नै दाहिने खुट्टाको घुडामा गोली लागि प्वाल परेको र निजलाई उपचारक लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा पु-याउनुका साथै वारदातमा प्रयोग भएको बन्दुक नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरिएको थियो ।

३) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लासँगको सहकार्यमा सशस्त्र द्धन्द तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाईते तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाईते भई अपांगता भएका व्यक्तिहरूलाई मिति २०७६।०४ ।२७ गते देखि मिति २०७६।०६।२७ गते सम्म  घाईते अपांगता प्रतिशत निर्धारण तथा पुनरावलोकन सम्वन्धी शिविर संचालन गरिएको थियो ।

४) जुम्ला जिल्ला चन्दननाथ न.पा. वडा नम्वर ४ विजयनगर निवासी एशिया वोडिंग स्कूल कालिखोली, जुम्लामा कक्षा २ मा अध्ययन गर्ने वर्ष १३ को राजेश रोकाय र सोही स्कूलको कक्षा १ मा पढ्ने वर्ष ७ को प्रशान्त बुढा नाम गरेका दुई बालक मिति २०७६ भाद्र २ गते हराई भोलि पल्ट २०७६ साल भाद्र ३ गते तातोपानी गा.पा. वडा नम्बर १ का स्थानीय कल्से कठायतको घरमा फ़ेला पारी उनीहरूका अभिवाभकलाई जिम्मा लगाईएको थियो ।

५) शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणका सम्बन्धमा विधमान ऐन, कानून र संहिताहरूको मूख्य मूख्य  व्यवस्थाहरूको प्रवोधीकरण तथा सचेतनाका लागि समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत जुम्ला जिल्लाका ८ वटा पालिका, ६० वटा वडाहरू र ६० वटा विधालयहरूमा कार्यक्रम सम्पन्न  गरिएको र सो कार्यक्रमले अपराध न्यूनीकरण गर्न, सर्वसाधारणलाई कानूनी सचेतना वृद्धि गर्न र जिल्लाको शान्ति सुरक्षा चुस्त राख्न मद्दत पुगेको छ ।

## ८.८. विपद् व्यवस्थापनः

१) मिति २०७६ साल असोज २५ गतेका दिन प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री दुर्गा बञ्जाडेज्यूको अध्यक्षतामा जिल्ला स्थित स्थानीय तहका प्रमुख, सुरक्षा निकायका प्रमुख, विषयगत कार्यालयका प्रमुखहरु, जिल्ला समन्वय अधिकारी, राजनैतिक दलका पार्टी प्रमुख, संचारकर्मी, नागरिक समाज लगायत विपद्संग सम्बन्धित काम गर्ने विषयगत सरकारी तथा गैह सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुको बीचमा "अत्यावश्यक पुर्वाधारमा विपदबाट हुने क्षति घटाऔ, आधारभूत सेवा प्रवाह रोकिनबाट जोगाऔ" भन्ने मूल नाराका साथ जोखिम न्यूनिकरण अन्तर्राष्ट्रिय दिवस (IDDR) २०१९ लाई सप्ताहव्यापी कार्यक्रम विपद् जोखिम न्यूनिकरण सम्बन्धी प्रभातफेरी, विपद् सम्बन्धी वृतचित्र प्रदर्शन, विपद् सम्बन्धी अन्तरक्रिया र विपद् सचेतना मूलक देउडा गीत जस्त क्रियाकलाप गरी सम्पन्न गरिएको थियो।

२) मिति २०७६ साल कार्तिक १५ जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडेको अध्यक्षतामा स्थानीय तहका प्रमुखहरू, जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, उधोग वाणिज्य संघ, सन्चारकर्मीहरू, नागरिक समाज, जिल्ला रेडक्रस, विपद् सम्बन्धमा काम गर्ने विषयगत सरकारी तथा गैह सरकारी कार्यालयका प्रमुखहरू तथा प्रतिनिधिहरू लगायत सरोकारवाला निकायको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको हिमपात पूर्वतयारी तथा पूर्व प्रबन्ध सम्बन्धी बैठक बसी विपद् व्यवस्थापनमा कामको वाँडफाड, निकायगत समन्वय र सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो।

## ८.९. आगलागी नियन्त्रण र राहत वितरणः

मिति २०७६।०५।१६ गते जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं १ को ठिन्केमा श्री जगत बहादुर रावत को घरमा विधुत सट भई आगलागी भएकोमा स्थानीय प्रशासन र आम नागरिकहरुको साझा प्रयासबाट भौतिक क्षति कम गर्नुका साथै मानवीय क्षति हुनबाट जोगाईएको थियो। पिडितलाई तत्काल राहतको लागि श्री जिल्ला प्रशासन कार्यालय, जुम्लाका प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडेले दैविक प्रकोप उद्धार तथा राहत कोषबाट घटनास्थलमै गई रु १५०००। (पन्ध्र हजार) प्रदान गर्नु भएको थियो।

१) जुम्ला जिल्ला चन्दननाथ नगरपालिका वडा नं. ५ बस्ने नवराज श्रेष्ठको खलंगा बजारमा रहेको तीन तले घरमा भएको आगलागी जिल्ला स्थित सुरक्षा निकायहरू, चन्दननाथ नगरपालिका, सरोकारवाला र स्थानीय नागरिक लगायत सबैको अथक प्रयासबाट मानवीय एवं अन्य भौतिक क्षति हुनबाट जोगाईएको थियो।



२) मिति २०७६ मंसिर ८ गते चन्दननाथ नगरपालिका वडा नं. २ मा रहेको विष्णु बहादुर भण्डारीको चार तले घरमा आगलागी हुँदा घर जली पूर्णरूपमा नष्ट भएको, सुरक्षा निकाय, नागरिक स्थानीयको र चन्दननाथ नगरपालिकाको दमकलको अथक



प्रयासको वावजुत घर पूर्ण रूपमा जलेर नस्ट अन्य घर क्षति हुनबाट जोगिएको।

सिकाईः विपद् व्यवस्थापनको लागि तालिम प्राप्त जनशक्तिको साथै उद्दारका सामाग्री आवश्यक रहेको।

प्रयासः गृह मन्त्रालयमा जिल्ला प्रशासन कार्यालय मार्फत जाहेर।

### ८.१०. मुद्दा व्यवस्थापन (अभद्र व्यवहार, नागरिकता र ठाडो उजुरी):

१) यस कार्यालयबाट मिति २०६७।०३।१८ गते जन्म स्थान-पटमारा १, र स्थायी ठेगाना पटमारा ३, जुम्ला, मुना बुढाको नाममा जारी भएको नेपाली नागरिकताको प्रमाणपत्र (ना.प्र.नं. ६०- ५२२) को सम्बन्धमा छानवीन हुँदा निज मुना बुढाले यस कार्यालयको अभिलेखबाट पहिला नै वंशजको आधारमा नेपाली नागरिकता लिएको देखिएकोले नागरिकता ऐन २०६३ को दफा १२ र नेपाल नागरिकता नियमावली २०६३ को नियम १२ को खण्ड (ख) बमोजिम निजको नागरिकता प्रमुख जिल्ला अधिकारीको मिति २०७६।०९।११ गतेको निर्णय बमोजिम रद्द गरी र सोही ऐनको दफा २१ को उपदफा ५ बमोजिम रू १५००० (पन्ध्र हजार) जरीवाना समेत गरिएको थियो।

२) मिति २०७६ श्रावण १ गते देखि २०७७ असार मसान्त सम्म जम्मा २४ वटा ठाडो उजुरीहरू यस कार्यालयमा दर्ता भएका र ती मध्ये ११ वटा फर्छयौटका लागि सम्बन्धित निकायमा पठाईएको र १३ वटा यस कार्यालयबाट फर्छयौट गरिएको थियो।

३) मिति २०७६ श्रावण १ गते देखि २०७७ असार मसान्त सम्म अभद्र व्यवहारका २५ वटा मुद्दा दर्ता भएका र जस मध्ये २० वटा मुद्दा हाल सम्म फर्छयौट भई सकेका र ५ वटा मुद्दा फर्छयौट हुन बाँकी रहेका, फैसला भएका मुद्दाबाट जम्मा रू ९८,००० । (उनान्साठी हजार मात्र ) राजस्व प्राप्त हुनुका साथै १ जनालाई १ वर्ष कैद सजाय तोकिएको थियो।

### ८.११. लैंगिक हिंसा विरूद्धको अभियान:

१) बलात्कार विरूद्ध ऐक्यबद्धता भन्ने मूल नाराका साथ नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन भएको लैंगिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसरमा जिल्ला प्रशासन कार्यालय, जुम्लाको आयोजनामा जनचेतनामुलक -याली कार्यक्रम जिल्ला स्थित सुरक्षा निकायहरू, विषयगत कार्यालयका प्रमुखहरू , जनप्रतिनिधि, सरोकारवाला , स्थानीयवासी र





संचारकर्मीहरूको सहभागितामा सम्पन्न गरिएको थियो।

### ८.१२. मानव वेचविखन विरूद्धको अभियान:

१) मिति २०७६ भाद्र २० गते जिल्ला प्रशासन कार्यालय, जुम्लाको आयोजना तथा जिल्ला स्थित सुरक्षा निकाय, सरकारी कार्यालय, विभिन्न संघ/संस्था र सरोकारवाला निकायको सहभागितामा प्रभातफेरी सहित कोणसभा कार्यक्रम संचालन गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धको १३ औं राष्ट्रिय दिवस "सरकारको प्रतिवद्धता : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा हामी सबैको ऐक्यवद्धता" भन्ने मूल नाराका साथ कार्यक्रम सम्पन्न भएको थियो।

### ८.१३. खस भाषामा अडियो नागरिक वडापत्र:

जिल्ला प्रशासन कार्यालय जुम्लाले नागरिकले बुझ्ने गरी स्थानीय खस भाषामा रेकर्ड गरिएको अडियो नागरिक वडापत्र सञ्चालनमा ल्याएको छ। अडियोमा नागरिक वडापत्रमा



जिल्ला प्रशासन कार्यालय जुम्लाले सेवा प्रवाह गर्ने मूख्य- मूख्य कार्यहरू समेटिएको छ। कार्यालयबाट प्रदान गरिएका सेवाहरुलाई जनमुखी, सुदृढ, सेवामूलक, पारदर्शी र उत्तरदायी बनाउन २०७६ कात्तिकको अन्तिम साताबाट खस भाषामा अडियो नागरिक बडापत्र सञ्चालनमा ल्याएको हो। जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने नागरिकको साथै विशेष गरी अक्षर चिन्न नसक्ने र दृष्टि विहीन नागरिक खसभाषाबाट लाभान्वित हुने अपेक्षा रहेको। जिल्ला प्रशासन कार्यालय, जुम्लाले आ.व.२०७६/०७७ आर्थिक वर्षको अन्तमा डिजिटल नागरिक वडापत्रको शुरूवात गरेको छ। सामाजिक विकास कार्यालय आप्रवासन सूचना केन्द्र कार्यक्रम मार्फत प्राप्त कम्प्यूटर तथा मोनिटरलाई वडापत्र Display हुने व्यवस्था मिलाईएको छ। उक्त मोनिटर मार्फत जिल्ला प्रशासन कार्यालय मार्फत प्रदान गरिने सेवाहरू विद्युतिय नागरिक वडापत्र मार्फत Display हुने व्यवस्था मिलाईएको साथै आप्रवासन सम्बन्धी सूचना, जुम्लाका पर्यटकीय तथा ऐतिहासिक स्थलहरू Auto Display हुने गरी मिलाईएको छ।

## ८.१४. बजार अनुगमनः

१) मिति २०७६ साल असोज १५ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडे (नि.बर्तमान प्र.जि.अ.)को अध्यक्षतामा बसेको बैठकले नागरिकको संबैधानिक मौलिक हकको संरक्षण गर्दै प्रचलित कानून बमोजिम उपभोक्ताको हित संरक्षण गर्न सहायक प्रमुख जिल्ला अधिकारी श्री गणेश न्यौपानेको संयोजकत्वमा सशस्त्र प्रहरी बल नं. ३३ गण, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, चन्दननाथ नगरपालिका, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, डिभीजन सडक कार्यालय, करदाता सेवा कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय, भेटेनरी अस्पताल तथा पशुसेवा कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, नागरिक समाज र संचारकर्मीको उपस्थितिमा चन्दननाथ नगरपालिकामा रहेका फ्रेसहाउस, पेट्रोल पम्प, यातायात सेवा, होटल, मिष्ठान्न भण्डार, दुधडेरी र किराना पसल लगायत जम्मा ६० वटा व्यवसायहरूको संयुक्तरूपमा बजार अनुगमन गरिएको थियो। बजार अनुगमनको क्रममा देखिएका म्याद नाघेका खाद्य तथा अखाद्य करिब २४,५३० ( चौविस हजार पाँच सय तीस) मूल्य वरावरका सामाग्री जफत गरी जिल्ला प्रशासन कार्यालयको परिसरमा सरोकारवाला निकायको रोहवरमा नष्ट गरिएको थियो।



२) गुणस्तरहीन खाद्य सामग्री बिक्री वितरण गरेको भन्ने सूचनाको आधारमा मिति २०७६ श्रावण ३१ गते ज़ुम्ला जिल्ला चन्दननाथ न.पा. कालिखोलीका पारस फ्रेस हाउस र दिया फ्रेस हाउसबाट ६८ केजी करिव २०,४०० (बीस हजार चार सय ) मूल्य बराबरको कुहिएको मासु जफत गरी खाल्टोमा गाडी व्यवस्थापन गरिएको थियो।

### ८.१५. स्वास्थ्य चेतना कार्यक्रमः

१) मिति २०७६ पौष २० देखि प्रशासन कार्यालयका महिला शौचालयमा स्यानेटरी प्याड राखिएको छ । उक्त स्यानेटरी प्याड सन्ध्या फाउण्डेशनका अध्यक्ष अंगत प्रसाद देवकोटा र कोषाध्यक्ष शारदा पछाईबाट करिव ७५ पिस प्राप्त भएको थियो । यसबाट जिल्ला प्रशासन कार्यालय, जुम्लामा सेवा लिन आउने महिनावारी भएका महिला सेवाग्राही सहित महिला कर्मचारी समेत लाभान्वित हुने देखिन्छ ।



२) मिति २०७६ साल भदौ ३१ गते प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडेको अध्यक्षतामा बसेको समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत डेंगु रोग नियन्त्रण तथा रोगथाम सम्वन्धी सचेतनामूलक कार्यक्रम जुम्ला जिल्लामा संचालन गर्न जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख श्री कार्मा बुढा, जनस्वास्थ्य सेवा कार्यालयका निमित्त प्रमुख श्री नरेश कुमार शाही, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक श्री नवीन वली, उद्योग वाणिज्य संघ जुम्लाका वरिष्ठ उपाध्यक्ष श्री पुरिचन्द्र देवकोटा सहित अन्य सरोकारवाला निकाय र व्यक्तिको उपस्थितिमा उद्योग वाणिज्य संघको हलमा बैठक बसी जिल्लाका ८ वटै स्थानीय तहहरुलाई सम्बन्धित पालिकामा रहेको स्वास्थ्य इकाई मार्फत डेंगु रोग सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्नका लागि समन्वय र सहजिकरण गर्ने र जिल्ला स्थित क्रियाशील छापा तथा संचार माध्यममार्फत जानकारीमूलक सूचना प्रसारण गर्नको लागि पत्रकार महासंघ, जुम्लालाई अनुरोध गर्ने निर्णय गरिएको थियो ।




## ८.१६. निजामती सेवा दिवस सम्पन्नः-

१) निजामती सेवा दिवस मूल समारोह समिति, जुम्लाको आयोजनामा "सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन" भन्ने नाराका साथ निजामती सेवा दिवस २०७६ जिल्लाका सरकारी कार्यालयका प्रमूख तथा कर्मचारीहरू, जिल्ला स्थित आधिकारिक ट्रेड यूनियनका प्रमूख तथा प्रतिनिधी र अन्य सरोकारवाला निकायको उपस्थितिमा २०७६ भाद्र २२ गते जिल्ला प्रशासन कार्यालय, जुम्लाको परिसरमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो। रक्तदानको लागि आवश्यक डाक्टर लगाएत




अन्य सम्पूर्ण व्यवस्थापन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त भएको थियो।

२) जिल्ला फुटबल संघ जुम्लाको प्राविधिक सहयोग तथा प्रमुख जिल्ला अधिकारी श्री दुर्गा बञ्जाडेज्यूको अग्रसरतामा मेयर-११ र निजामती-११ महिला फुटबल प्रतियोगिता सम्पन्न भएको थियो। खेल १-० ले मेयर-११ ले जितेको थियो भने यस प्रकारको कार्यक्रम जुम्लामा पहिलो पटक सम्पन्न भएको थियो प्रशासन र मेयर टिम विच मैत्री पूर्ण खेल सन्चालन भएको थियो। जसमा मेयर टिम विजय भएको थियो।



### ८.१७. सवारी साधन नियन्त्रणः

१) सार्वजनिक विदाको दिनमा सरकारी नम्बर प्लेटको सवारी साधन सरकारी कामकाजको सिलशिलामा प्रयोगमा ल्याउनुपर्ने भएमा स्पष्ट प्रयोजन, प्रयोग गर्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर खुलाइएको एवं सवारी पास उपलब्ध गराउने अधिकार प्राप्त निकाय तथा पदाधिकारीको स्वीकृति लिई मात्र प्रयोगमा ल्याउनु पर्नेमा अनुमति विना तथा आधिकारिक व्यक्ति बाहेकका अन्य व्यक्तिले चलाएका सरकारी सवारी साधन जिल्ला प्रहरी कार्यालयको अग्रसर्तामा ट्राफिक कार्यालय, जुम्लाले नियन्त्रणमा लिई आवश्यक कानूनी प्रक्रिया पूरा गरी छाडिएको थियो।

२) मिति २०७६।०८।०९ गते जिल्ला जुम्ला चन्दननाथ नगरपालिका वडा नं. २ स्थित बजारमा भे ८ प ५४२३ नं. को रातो रङ्गको १५० सिसिको पल्सर मोटरसाईकल चोरी गरी लाने क्रममा प्रहरीको रात्री गस्ती टोलीलाई देखी चोरी गर्ने ३ जना व्यक्तिहरू मोटरसाईकल त्यहि छाडी फरार भएका र उक्त मोटर साईकललाई प्रहरीले नियन्त्रणमा लिई मिति २०७६।०८।१० गतेको दिन सवारीधनी जिल्ला जुम्ला गुठिचौर गाँउपालिका वडा नं. २ बस्ने गोपाल बोहोरालाई जिम्मा लगाईएको थियो।

### ८.१८. राष्ट्रिय परिचयपत्र वितरणको लागि विवरण संकलनः

राष्ट्रिय परिचयपत्र वितरणको लागि विवरण संकलनको प्रवृष्टी जिल्ला समन्वय समितिका प्रमुख लाल बहादुर सार्की र चन्दननाथ नगरपालिका प्रमुख कान्तिका सेजुवालको विवरण प्रवृष्टी गरी शुरूवात गरियो। जुन कार्यको लागि जिल्ला प्रशासन कार्यालयमा छुट्टै यूनिट स्थापना गरिएको छ।

**यसबाट**

- एकिकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने।
- नागरिका वैयक्तिक र जैविक विवरणको संकलन, पञ्जीकरण र उपयोग गर्ने।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीलाई राज्यबाट प्रवाह हुने सेवासँग आवद्ध गर्ने।
- नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्र नम्वर र राष्ट्रिय पहिचान सहितको बायोमेट्रिक स्मार्टकार्ड प्रदान गर्ने।
- यसबाट प्रत्येक नागरिकलाई एक पृथक नम्वर सहित आफ्ना वैयक्तिक एवं जैविक सूचना सहितका विवरण भएको आधुनिक प्रविधियूक्त चिप्स सहित एक नागरिक एक पृथक परिचय नम्वर सहितको परिचयपत्र भएकोले यसको प्रभावकारी कार्यान्वयनबाट मूलुक एवंम नागरिकलाई निम्न फाईदा हुनेछन्।

**नीतिगत**

- नेपालको संविधानक धारा १५ मा प्रत्येक नागरिकको परिचय खुल्ने अभिलेख राख्ने तथा धारा ५१ मा एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास गर्ने संवैधानिक कुरालाई व्यवहारमा प्रयोग गर्ने।
- बजेट
- अध्यावधिक योजना
- सरकारका निर्णय
- गृह प्रशासन सुधार मार्ग चित्र २०७४

फाईदाहरू:-

- प्रशासनिक- सार्वजानिक सेवा प्रवाहलाई E- service सँग आवद्धता गरी सुशासन कायम गर्ने।
- विकासात्मक- विकास व्यवस्थापन र प्रतिफलको उपयोग गर्ने।
- आर्थिक – कर, गैह्र कर राजस्व व्यवस्थापन गर्ने।
- सुरक्षा – नागरिक पहिचान (स्वदेशी, विदेशी)
- सूचना प्रविधिमैत्री सार्वजानिक सेवा प्रवाह गर्ने।
- राज्यमा शान्ति सुरक्षा कायम गर्ने, अपराध नियन्त्रण र अपराधिको पहिचान गरी कानूनी कारवाही प्रकृया अगाडि बढाउन

**हाल सम्म राष्ट्रिय परिचयपत्रको लागि संकलन गरिएको विवरण**

| सि.नं. | महिना | संख्या |
|---|---|---|
| | अर्ध वार्षिक २०७६ श्रावण देखि ०७६ पुष | ९०० |
| १ | २०७६ माघ | ५ |
| २ | २०७६ फागुन | २६ |
| ३ | २०७६ चैत्र | २८ |
| ४ | २०७७ बैशाख | ० |
| ५ | २०७७ जेष्ठ | ० |
| ६ | २०७७ असार | ० |
| १० | जम्मा | ९५९ |

- राज्यबाट प्रदान गरीने सेवा (विधुत, टेलफोन, खानेपानी जस्ता नागरिकले प्रयोग दैनिक उपभोग्य सेवा (utility service) को भुक्तानी सहज र कार्यालयको कार्यबोझ र भिड नियन्त्रण गर्ने।
- विभेद र आपतकालिन घटनाको व्यवस्थापन र जोखिम नियन्त्रण, प्रतिकार्य संचालन र राहत व्यवस्थापन गर्न समेत सहज हुने।
- राष्ट्रिय एकताका र जनसेवाका लागि गृह प्रशासन विकास र समृद्धिको लागि शान्ति सुरक्षा र सुशासन कायम गर्ने।

## ९. कोभिड – १९ सम्बन्धी विवरणहरू:-

**९.१ लकडाउनको निर्णय र त्यसको कार्यान्वयनः-**

जिम्ला विपद् व्यवस्थापन समिति, जुम्लाका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेज्यूको अध्यक्षतामा मिति २०७६/१२/९ गते बसेको जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको बैठकले जुम्ला जिल्लालाई मिति २०७६/१२/१० देखि लागू हुने गरी कोरोना भाईरस (COVID-19) को संभावित जोखिमबाट जोगाउन लकडाउन गर्ने निर्णय गरेको थियो । लकडाउन अवधिमा जिल्लाको शान्ति सुरक्षा व्यवस्थापन, बजारको व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको सहज आपूर्ति, सवारी साधन आवागमन व्यस्थापन, लकडाउन सम्बन्धी प्रचार प्रसार गरी नागरकिलाई सुसूचित लगायतका निर्णयहरू गरिएको थियो। नेपाल सरकारले मिति २०७६/१२/११ देखि लागू हुने गरी नेपालभर लकडाउन गर्ने निर्यण गरेको र विभिन्न चरणमा निर्णय हुँदै हालसम्म निरन्तर रूपमा देश लकडाउनमा छ। सोही अनुरूप जुम्ला जिल्लामा पनि निरन्तर रूपमा निर्णयको प्रभावकारी कार्यान्वयन गर्दै आएको छ COVID-19 Crisis Management Centre, जुम्ला, जिल्ला सुरक्षा समिति, जिल्ला कमाण्ड पोष्ट, स्थानीय तह, निजी क्षेत्र, गै.स.स., नागरिक समाज, संचारकर्मी तथा अन्य सरोकारवाला पक्षहरूको आपसी समन्वय, सहकार्य र सहजीकरणमा COVID-19 विरूद्धको अभियानमा सफलता प्राप्त गर्दै आईएको छ।

**९.२ हेल्थ डेस्कको स्थापना र संचालनः-**

लकडाउनको आरम्भसँगै COVID-19 को संक्रमणबाट जिल्लालाई सुरक्षित राख्न जिल्ला प्रवेश गर्ने नाकाहरू नाग्म (जुम्ला - कालिकोट) मणिसाँखु ( जुम्ला - डोल्पा), ताम्ती (जुम्ला - जाजरकोट), गोठिज्यूला (जुम्ला - मुगु) तथा जुम्ला विमानस्थलमा Health Desk को स्थापना गरियो। यसै गरी स्थानीय तहहरूको निर्णय बमोजिम एक स्थानीय तहबाट अर्को स्थानीय तहमा प्रवेश गर्ने नाकामा पनि Health Desk स्थापना गरिएको थियो । त्यस्ता हेल्थ डेस्कहरू जुगाड (हिमा गा.पा.), उमगाड (चन्दननाथ नगरपालिका) तथा उर्थु र डिल्लीचौर (पातारासी गा.पा.) मा रहेका थिए। यी हेल्थडेस्कहरूबाट हालसम्म १२ हजार भन्दा बढी व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरिएको छ जसमा नाग्म Health डेस्कको हिस्सा मात्र ९५% भन्दा माथि छ। मिति २०७६/१२/०९ बाट




नाग्म हेल्थ डेस्कको अनुगमन

सुचारू भएको नाग्म Health Desk मा पहिलो हप्ताका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्वास्थ्यकर्मी र नन्दा बक्स गणको प्यारामेडिक टिमबाट स्वास्थ्य परीक्षण गरियो भने त्यस पश्चात जुम्ला जिल्लामा रहेका ८ वटै स्थानीय तहहरूले आलोपालो गरी प्रत्येक हप्ताका लागि स्वास्थ्यकर्मीहरू खटाउदै आईरहेका थिए । जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम हाल यस्ता Health Desk हरूको कामलाई स्थगत गरिएको छ।

**९.३ जिल्ला स्तरीय COVID- 19 Crissic management Centre (CCMC) को गठन र यसको क्रियाशिलता।**

COVID-19 संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकरी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मक रूपमा गर्नका लागि एक सशक्त र प्रभावकारी संयन्त्रको रूपमा केन्द्र देखि स्थानीय तह सम्म COVID -19 Crisis Management Centre को गठन गर्ने निर्णय भए बमोजिम जुम्ला जिल्लामा पनि मिति २०७६/१२/२१ गते COVID-19 Crisis Management Centre, जुम्लाको गठन गरिएको थियो । **COVID- 19** को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय र सहजीकरण र अनुगमन गर्ने औषधी अपकरण तथा स्वास्थ्य सामाग्रीहरूको आपूर्ति व्यवस्थापन र अनुगमन गर्ने, अस्पतालमा मापदण्ड अनुसारको आइसोलेसन र आइसियुको व्यवस्थापन गर्ने, क्वारेनटाईनको निर्माण र व्यवस्थापनमा सहजीकरण गर्ने तथा स्थानीय तहहरूबाट सूचना संकलन गरी विभिन्न निकायहरूमा प्रतिवेदन गर्ने लगायतका काममा जिल्ला स्तरीय Crissis Management Centre क्रियाशिल रहेको छ । CCMC जुम्लाका सबै सदस्यहरुले आ-आफ्नो कार्य क्षेत्रको गितिविधि तथा सम्पादन गरेको कामहरुको विवरण संकलन गर्ने, प्राप्त विवरणको विश्लेषण गर्ने र कोभिड -१९ विरूद्ध भावी योजना तयार गर्ने काम गरिरहेको छ । २०७७ जेष्ठ को दोस्रो हप्तासम्मम तत्कालिन प्र.जि.अ. श्री दुर्गा बञ्जाडेज्यूले नेतृत्व गर्नु भएको थियो भने हाल प्र.जि.अ. श्री भूपेन्द्र थापाज्यूले गरिरहनु भएको छ । नेपाल सरकारले जिम्मेवारी परिवर्तन गरे सँगै हालमा सशस्त्र प्रहरी बल नं. ३३ गणबाट स.प्र.ना.उ.श्री गगन श्रेष्ठ तथा राष्ट्रिय अनुसन्धान जुम्लाबाट प्रमुख अनुसन्धान अधिकृत श्री रामशंकर के.सी.ले प्रतिनिधित्व गर्दै आउनु भएको छ ।

**जिल्ला स्तरीय कोभिड – १९ संकट व्यवस्थापन केन्द्र (CCMC) को संरचना ।**

| क्र.सं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री भूपेन्द्र थापा प्र.जि.अ., जुम्ला । | अध्यक्ष | ९८५८३२७७७७ |
| २ | श्री नानीबाबु पोखरेल, जि.स.अ. | सदस्य | ९८५१२५१२२२ |
| ३ | श्री दिवाकार रायमाझी प्रमुख सेनानी नन्दाबक्स गण, जुम्ला | सदस्य | ९८५११७१०३३ |
| ४ | श्री लाल बहादुर धामी प्र.ना.उ. जिल्ला प्रहरी कार्यालय, जुम्ला । | सदस्य | ९८५८३२५५५५ |
| ५ | श्री गगन श्रेष्ठ स.प्र.ना.उ. सशस्त्र प्रहरी ३३ नं. गण, जुम्ला । | सदस्य | ९८५११४८३३७ |
| ६ | श्री राम शंकर के.सी. प्र.अ.अ. रा.अ.जि.का., जुम्ला । | सदस्य | ९८५८३२२०१८ |
| ७ | डा. मंगल रावल, क.स्वा.वि.प्र., जुम्ला | सदस्य | ९८५१०६४४५१ |
| ८ | ओम प्रकाश देवकोटा स.प्र.जि.अ. | सदस्य | ९८५८३२०३८० |
| ९ | कृष्ण सापकोटा, जि.ज.स्वा. का, जुम्ला | सदस्य | ९८५८३२२०८१ |

## COVID-19 Crisis Management Centre, जुम्लाका पदाधिकारीहरू



श्री भूपेन्द्र थापा, प्रमुख जिल्ला अधिकारी , जुम्ला ।



श्री नानीबाबु पोखरेल, जिल्ला समन्वय अधिकारी



श्री दिवाकार रायमाझी, प्रमुख सेनानी
नन्दाबक्स गण, जुम्ला



श्री लाल बहादुर धामी, प्र.ना.उ.
जिल्ला प्रहरी कार्यालय, जुम्ला।



श्री गगन श्रेष्ठ, स.प्र.ना.उ. सशस्त्र प्रहरी
बल नं. ३३ गण, जुम्ला।



श्री रामशंकर के.सी., प्र.अ.अ.,रा.अ,



डा. मंगल रावल, क.स्वा.वि.प्र., जुम्ला



ओम प्रकाश देवकोटा, स.प्र.जि.अ.



कृष्ण सापकोटा, जि.ज.स्वा.का,

## ९.४ CCMC संयोजकको विदाई र स्वागतः-

नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७७/०२/११ गतेको निर्णय बमोजिम सरूवा हुनु भएका प्रमुख जिल्ला अधिकारी तथा CCMC, जुम्लाका संयोजक श्री दुर्गा बञ्जाडेज्यूको CCMC, जुम्ला, जिल्ला सुरक्षा समिति, कर्मचारी मिलन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति, जुम्ला तथा अन्य सरोकारवाला पक्षहरूले २०७७/०२/१४ मा भव्यरूपले विदाई गरेको थियो । प्रमुख जिल्ला अधिकारीको रूपमा उहाँले निभाएको योगदानका लागि CCMC, जुम्लाले धन्यवाद दिनुका साथै आगामी व्यक्तिगत तथा पेशागत जीवनको सफलताको शुभकामना व्यक्त गर्दछ ।



प्र.जि.अ. दुर्गा बञ्जाडेज्यूको विदाइ समारोह



प्र.जि.अ. भूपेन्द्र थापाज्यूको स्वागत

यसै गरी सोही दिनको गृह मन्त्रालयको निर्णय अनुसार जुम्ला जिल्लाको प्रमुख जिल्ला अधिकारीका रूपमा मिति २०७७/०२/१९ गते हाजिर हुनु भएका श्री भूपेन्द्र थापाज्यूलाई जिल्ला सुरक्षा समिति, CCMC तथा जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाले हार्दिक स्वागत गर्नुका साथै विषम परिस्थितिमा जिल्लाको नेतृत्व गर्न आउनु भएका प्रमुख जिल्ला अधिकारीबाट विशेष निर्देशन प्राप्त भयो।

CCMC, जुम्लाका सदस्य तथा सशस्त्र प्रहरी बल, नं.३३ गण, जुम्लाका गणपति स.प्र.उ. श्री शरद न्यौपानेको विदाई तथा निमित्त गणपति स.प्र.ना.उ. श्री गगन श्रेष्ठको स्वागत गरिएको थियो।

## ९.५ Swab संकलन र सुखद नतिजाः-

COVID-19 Crisis Management Centre, जुम्लाको अनुरोधमा COVID-19 Crisis Management Centre, छाउनी, काठमाण्डौंले केन्द्रबाट नै दक्ष चिकित्सकको टोली CCMC (Ops) तथा उपकरण पठाई नेपालमा प्रथम पटक जुम्लाबाट मिति २०७६/१२/२५ गते जुम्लाका विभिन्न ३ (तीन) स्थानबाट भारत लगायत तेस्रो मूलुकबाट भित्रिएका जुम्लाका ८ वटै स्थानीय तहका २५३ जना व्यक्ति र तिनका परिवारका सदस्य सहित ३२४ जना व्यक्तिको **Swab** संकलन गरेको थियो। जुम्ला बिमानस्थलमा CCMC (Ops) बाट आएका नेपाल प्रहरीका डा. रूजुके.सी. र डा. प्रज्वल श्रेष्ठको टोली, कनकासून्दरी गा.पा. को लासीपाटनमा कर्णाली स्वास्थ्य



स्वाब निकाल्दै डा. प्रज्वल

विज्ञान प्रतिष्ठानका डा. मंगल रावल (अस्पताल निर्देशक) र डा. धिरज गुरूङको टोली र हिमा गा.पा. को देयार गाँउमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रयोगशाला प्रमुख विवेक पुनको टोली

Throat Swab संकलनका लागि खटिएको थियो । यसरी संकलन गरिएको Throat Swab परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु पठाइएको थियो भने परीक्षण पश्चात प्राप्त सुखद नतिजाले जुम्ला जिल्लाका नागरिकमा हर्सोल्लास छाएको थियो ।

**९.६. RDT घुम्ती सेवाः-**

२०७६/१२/२५ गते गरिएको Throat Swab संकलनका बखत छुटेका र त्यस पश्चात जिल्लामा प्रवेश गरेका व्यक्तिहरूको जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, जुम्लाको नेतृत्व तथा CCMC जुम्लाको सहकार्यमा सबै स्थानीय तह अन्तर्गत रहेका प्रत्येक क्वारेन्टाइन स्थलमा पुगी Rapid Diagnostic Test गरिएको थियो । हालसम्म जुम्ला जिल्लामा ५०२ जनाको RDT भएको र सबैको नतिजा Negative रहेको छ ।



RDT गर्दै स्वास्थ्यकर्मी

**९.७. RTPCR उपकरण जडान र संचालनः-**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल व्यवस्थापन समितिको मिति २०७६/१२/२३ गते कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीको समुपस्थितिमा बसेको बैठकले RTPCR उपकरणको व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरे सँगै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा उक्त उपकरण जडान गरिएको छ । मिति २०७७/०१/२२ गतेबाट संचालनमा आएको उक्त उपकरणबाट हालसम्म ५ हजार भन्दा बढी व्यक्तिको Throat Swab परीक्षण गरिएको र सवैको नतिजा Negative रहेको छ । CCMC जुम्ला, स्थानीय तह,



PCR उपकरण जडान



PCR उपकरणबाट परीक्षण गरिदै ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला जनस्वास्थ्य सेवा कार्यालय जुम्लाको सहकार्यमा मिति २०७७/१/२९ गते जुम्लाका सवै स्थानीय तहबाट एतिहासिक रूपमा एकै पटक ८४९ व्यक्तिको Throat Swab संकलन गरी परीक्षण गरिएको थियो भने हाल अति भिडभाड हुने क्षेत्र (Covergence Point) हरूबाट स्वाब संकलन गरी समुदायस्तरसम्म परीक्षणको दायरा वृद्धि गरिएको छ।

**९.८. बजार अनुगमनः-**



सामाजिक दुरी कायम गर्दै किनमेल



सिंजामा रहेको नुन गोदामको अनुगमन गर्दै



खाद्य गोदाममा चामलको परिमाण जाँच गर्दै

नेपाल सरकारले घोषणा गरेको Lockdown को अवधिमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति, औषधी, खाद्य वस्तु, दुध, तरकारी फलफूल जस्ता वस्तुको सहज व्यवस्थापनका सम्बन्धमा स्थानीय तहको नियमित बजार अनुगमनमा CCMC जुम्लाको सक्रिय सहभागिता रहने गरेको छ । कोभिड – १९ को संकटको बेला बजारमा हुनसक्ने कालोबजारीलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यलयको नेतृत्वमा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, नागरिक समाज, पत्रकार महासंघ र सम्बन्धित स्थानीय तहहरुको सहकार्यमा नियमित अनुगमन गरिएको छ । जिल्ला कृषि विकास कार्यालय, नेपाल खाद्य तथा व्यापार कम्पनि लिमिटेड र उद्योग बाणिज्य संघ, जुम्लालाई कम्तिमा ३ महिनाका लागि पुग्ने गरी खाद्यन्न मौज्दात राख्न निर्देशन दिनुका साथै आम उपभोक्ताहरुमा ग्यांसको अभाव हुन नदिन जिल्ला भित्रका ग्याँस बिक्रेताहरुसँग निरन्तर समन्वय गरी बजारमा प्रयाप्त मात्रामा ग्याँसको व्यवस्था गरिएको छ। यसै गरी अत्यावश्यक सेवामा संचालित सवारी साधनहरुलाई ईन्धनको अभाव हुन नदिन प्रयाप्त मात्रामा ईन्धनको मौज्दात राख्न ईन्धन व्यवसायीहरूलाई निर्देशन दिईएको छ । कोरोना भाईरस **(COVID-19)** को संक्रमण, रोकथाम, नियन्त्रण तथा प्रतिकार्यको लागि गरिएको **Lockdown** (बन्दावन्दी) को कारण साना किसान, मजदुर तथा उपभोक्ताहरुमा पर्न जाने असरलाई मध्यनजर गरी प्रथम चरणमा उद्योग बाणिज्य संघ, जुम्लाको समन्वय तथा सहकार्यमा स्थानीय बजार तथा पसलहरु बिहान ७ बजे देखि ९ बजे सम्म र बेलुका ४ बजे देखि ६ बजे सम्म लकडाउनको न्यूनतम शर्त पालना गर्ने गरी दैनिक उपभोग्य वस्तुहरु खाद्यान्न, तरकारी, दुध र फलफूल लगायतका सेवाको बिक्री वितरणका लागि खुल्ला गरिएकोमा जुम्ला जिल्लामा कोरोना संक्रमित घटेसँगै दोस्रो चरणमा स्थानीय बजार बिहान ६ देखि दिउँसो ४ बजे सम्मका लागि खुल्ला गरिएको छ।

### ९.९. विकास आयोजना सहजीकरणः-



Lockdown को अवधिलाई सदुपयोग गरी संचालन गर्न सकिने आयोजनाहरूका सम्बन्धमा गृह मन्त्रालयको निर्देशन बमोजिम यस जिल्लाका १८ वटा सडक तथा पुलको निमार्ण तथा मर्मत, कर्णाली प्रदेश सरकार र स्थानीय तहका महत्वपूर्ण आयोजनाहरूलाई Lockdown का न्यूनतम शर्त र मान्यताहरू पालना गर्ने गरी जनशक्तिको व्यवस्थापन, निमार्ण सामाग्रीको ढुवानी, इन्धन ढुवानी, सवारी साधन तथा उपकरणको आवागमनलाई व्यवस्थित गरिएको छ । श्रमिक र अन्य जनशक्तिहरू अनिवार्य रूपमा कार्यस्थल भित्रै रहनुपर्ने, उनीहरूलाई आवश्यक आवास र खानाको व्यवस्था कार्यस्थल भित्रै हुनुपर्ने, कार्यस्थलबाट बाहिर जान र कार्यस्थल बाहिर रहेका परिवारका सदस्य लगायत अन्य कुनै पनि व्यक्तिहरूसँग सम्पर्कमा आउन नदिने, कार्यस्थलमा व्यक्ति बीच न्यूनतम भौतिक दुरी कायम गर्ने र नेपाल सरकारले लागू गरेको (COVID-19) सम्बन्धी मापदण्डहरूको पूर्णरूपमा पालना गर्ने शर्तमा आयोजना संचालन गर्ने निकाय र निर्माण कम्पनी जिम्मेवार रहने तथा लकडाउनको शर्त पालना गरे नगरेको अनुगमन CCMC, जुम्लाले गर्ने गरी सहजीकरण गरिएको थियो । यसरी सहजीकरण गर्दा जुम्लामा विगत देखि Cronic Problem का रूपमा रहेका पुल, सडक, सिचाई तथा खानेपानी र विद्यालयहरूको निर्माण र सम्भार गर्न सम्भव भएको थियो ।

### ९.१०. विदेशी नागरिकको उद्धार र यात्रा सहजीकरणः-

Lockdown को घोषणासँगै मुगु तथा जुम्ला जिम्ला भ्रमणमा रहेका २३ जना विदेशी नागरिकहरूको उद्धार गरिएको छ । यस्ता विदेशीहरू ६ चाइनिज, ५ भारतीय, ४ इटालियन, १ जर्मन, १ क्यानेडियन, २ अमेरिकन र ४ फ्रान्सेली नागरिक रहेका छन । यस्ता पर्यटकहरूलाई नेपाल पर्यटन बोर्डको अनुरोध तथा गृह मन्त्रालयको निर्देशन बमोजिम उनीहरूको गन्तव्यसम्म पुग्नका लागि यात्रा सहजीकरण गरिएको थियो ।



उद्दार क्रममा रहेको जर्मन नागरिक

### ९.११. विपद् व्यवस्थापन समितिको बैठक तथा अन्य बैठकहरूः-

COVI-19 को रोकथाम र नियन्त्रणका क्रममा जिल्ला विपद् व्यवस्थापन समिति जुम्लाले १५ वटा बैठकको आयोजना गरेको छ । जस मध्य एउटा बैठकमा कर्णाली प्रदेश सरकारका मूख्य मन्त्री माननीय महेन्द्र बहादुर शाहीको समुपस्थिति रहेको थियो भने अर्को एक बैठकमा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय नरेश भण्डारीको समुपस्थिति रहेको थियो । जिल्ला सुरक्षा समिति ५० वटा, CCMC को २१ वटा, Command Post को ३ वटा र क्वारेन्टाइन संञ्चालन तथा व्यवस्थापन समितिको ११ वटा



DDMC बैठकमा मा. नरेश भण्डारी

बैठक सम्पन्न भै सकेका छन् । कार्यालय प्रमुख तथा सूचना अधिकारीहरूको ९/९ वटा बैठक बस्नुका साथै आवश्यकता अनुसार Virtual तथा टेलिफोन संवादबाट पनि छलफल, समन्वय र सहकार्य गर्ने गरिएको थियो ।

## ९.१२. सुरक्षा निकायको परिचालन:-

कोरोना भाइरस COVID-19 को रोकथाम र नियन्त्रणका लागि अपनाईएको लकडाउनलाई प्रभावकारी बनाई जिल्लाको शान्ति सुरक्षालाई चुस्त दुरूस्त राख्न जिल्ला स्थित सुरक्षा निकायहरू क्रियाशिल रहेका छन । नेपाली सेना, नेपाली प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको नियमित गस्ती थप सजगताका साथ क्रियाशील छ । जिल्लामा रहेको क्वारेन्टाइन स्थल र हेल्थ डेस्कमा जिल्ला प्रहरी कार्यालय र अन्तर्गतको टोली नियमित खटिएको छ । बजार सुरक्षा, विभिन्न पोष्ट तथा क्वारेन्टाइनमा सशस्त्र प्रहरी बल नेपाल ३३ नं. गणले थप मद्दत प्रदान गरेको छ । नेपाली सेना (नन्दा बक्स गण) ले नाग्म हेल्थ डेस्कमा नियमित सुरक्षा सहजीकरण गर्नुका साथै Patient Receiving Team को महत्वपूर्ण सदस्यको रूपमा भूमिका निर्वाह गर्दै आइरहेको छ । राष्ट्रिय अनुसन्धान जुम्लाले COVID-19 सम्बन्धी सूचना संकलन गरी रणनीति निर्माणमा योगदान पु-याउदै आएको छ ।



जिल्ला सुरक्षा समितिको बैठक



नियमित गस्तीमा नेपाली सेना



पसलमा सामाजिक दुरी कायम गर्ने घेरा बनाउदै नेपाल प्रहरी



पोष्ट डिउटी गर्दै सशस्त्र प्रहरी बल

## ९.१३. स्थानीय तह स्तरीय एम्वुलेन्सको व्यवस्था:-

कोरोना भाइस COIVD-19 को संक्रमणको उच्च जोखिमलाई मध्यनजर गर्दै COVID-19 Crisis Management Centre, जुम्लाको अनुरोध लाई स्वीकार गरी जुम्लाका प्रत्येक स्थानीय तहले बिरामीलाई ओसार पोसार गर्ने एम्बुलेन्स तथा सोही प्रकारको सवारी साधनको व्यवस्था गरेका छन् । यस्ता सवारी साधनले कतिपय स्थानीय तहमा क्वारेन्टाईन व्यवस्थापनमा समेत सहयोग पु-याएका छन् । यसै गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले COVID-19 Friendly Ambulance को व्यवस्था गरेको छ भने जिल्ला विपद् व्यवस्थापन समिति मार्फत त्यसै प्रकारको अर्को एक एम्बुलेन्स व्यवस्थापनको क्रममा रहेको छ ।



तयारी अवस्थामा Ambulance

### एम्बुलेन्स सम्बन्धी विवरण

| | | | | |
|---|---|---|---|---|
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | | एम्बुलेन्स ९७४८९४१६६६, ९८४३७३६७३० | | गोकर्ण कार्की<br>टंकराज आचार्य<br>मोतीप्रसाद न्यौपाने |
| नगरपालिका/गाँउपालिका | | सम्पर्क नम्बर | स्वास्थ्य ईकाई प्रमुख | पालिका प्रमुख/ अध्यक्ष |
| १ | चन्दननाथ न.पा. | लोक बहादुर रोकाय ९८६८९४८२७० | पृथ्वीनाथ योगी ९८४८३०२२५१ | कान्तिका सेजुवाल ९८५८३२२२३० |
| ३ | पातारासी गा.पा. | खड्क ब बुढा ९८६३१६३५१२ | रतन बुढ्थापा ९८४८३०२१५५ | लक्षिमन बोहोरा ९७५८९००२१८ |
| ४ | गुठिचौर गा.पा. | अजय बुढा ९८६४८७०८३८ | बलराम नेपाली ९८५८०२३२८२ | हरि बहादुर भण्डारी ९८५८३२२९१६ |
| ५ | तिला गा.पा. | राम बहादुर वुढा ९८६४६२५९२५ | गणेश शाही ९८४८३१३४११ | रतननाथ योगी ९८५८३२०१३७ |
| ६ | तातोपानी गा.पा. | सुर्य श्रेष्ठ ९८६६५२७३९६ | गुरु प्रसाद चौलागाई ९८४८३०७५५१ | नवराज न्यौपाने ९७५८९०७८६१ |
| ७ | हिमा गा.पा. | मान बहादुर शाही ९८६६६३१४६१ | रतन रावत ९८६८३९८८६९ | रज बहादुर शाही ९८५८३२०७११ |
| ८ | सिंजा गा.पा. | कृष्ण रोकाय ९८६८३६८२०३ | नर बहादुर रोकाय ९८६६६३३५०६ | देवल सिंह रावल ९८५१०१२२९४ |
| ९ | कनकासुन्दरी गा.पा. | लोकेन्द्र कट्टेल ९८६६१७४३४३ | दामोदर आचार्य ९८४८०८३४१६ | नरवीर रावत ९८५८०५०२८० |

**९.१४. जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूको व्यवस्थापन कार्ययोजना:-**




लकडाउनको अवधि र त्यस पश्चात जुम्ला प्रवेश गर्ने व्यक्तिहरू, तिनका परिवार, समुदाय र सिंगो जिल्लालाई कोरोना भाईरस (COVID-19) को संक्रमणबाट सुरक्षित राख्न COVID-19 Crisis Management Centre, जुम्लाले लकडाउन अवधि र त्यस पश्चात जुम्ला जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूको व्यवस्थापन कार्ययोजना, २०७७ पारित गरेको छ। उक्त कार्ययोजनामा सम्बन्धित निकायहरूको भूमिका र उत्तरदायित्व उल्लेख गरिएको छ। सो कार्य योजनाको कार्यान्वनबाट जुम्ला जिल्लालाई भविष्यमा पनि COVID-19 को जोखिमबाट सुरक्षित राख्न सकिने विश्वास गर्न सकिन्छ।

**९.१५. क्वारेन्टाइन स्थलहरूको निरीक्षण तथा सहजीकरण:-**



पातारासी गा.पा.को क्वारेन्टाइन



क्वारेन्टाइन स्थलको अनुगमनमा CCMC

भारत तथा तेस्रो मूलुक र नेपालको विभिन्न स्थानहरूबाट आएका व्यक्तिहरूको लागि स्थापना गरिएका विभिन्न स्थानीय तह अन्तर्गत क्वारेन्टाइन स्थलहरूको COVID-19 Crisis Management Centre, जुम्लाले नियमित रूपमा अनुगमन निरीक्षण गरिरहेको छ। अनुगमनका क्रममा क्वारेन्टाइनमा बसेका व्यक्ति, स्थानीय तहका पदाधिकारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य व्यक्तिहरूसँग अन्तर्क्रिया गर्ने गरेको छ। यस क्रममा बाहिरबाट जिल्ला प्रवेश गरेका व्यक्तिहरूलाई क्वारेन्टाइनमा बस्न अभिप्ररित गर्ने, स्थानीय तहसँग खानपान लगायत अन्य व्यवस्था चुस्त दुरूस्त राख्ने, स्वास्थ्य कर्मीलाई सुरक्षित रूपमा सेवा प्रदान गर्ने र स्थानीय हरूसँग यस संकटमा सरकारलाई सहयोग गर्न अनुरोध गर्ने गरेको छ।

**९.१६. उच्च अदालतमा परेको मुद्दा र आदेश:-**

प्रदेश सरकार तथा स्थानीय तहले लकडाउनको अवधिमा उद्धारको नाममा हजारौ व्यक्तिलाई जुम्ला प्रवेश गराएको, निजहरूको अभिलेख नगरिएको, निजहरूको आवधिक रूपमा स्वास्थ्य अनुगमन नगरिएको, क्वारेन्टाईनको व्यवस्थापन मापदण्ड अनुसार हुन नसकेको र खर्चको पारदर्शिता कायम नगरेको भनी चन्दननाथ न.पा. १० बस्ने अधिवक्ता श्री पदम बहादुर शाहीले मिति २०७७/०१/२९ गते उच्च अदालत सुर्खेत, जुम्ला ईजलासमा माननीय मूख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश, जुम्लाका सबै ८ वटा स्थानीय तह र क्वारेन्टाईन संचालन तथा व्यवस्थापन समितिका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारीलाई विपक्षी बनाई दायर गर्नु भएको परमादेश रिट उपर मिति २०७७/०१/२९ गते उक्त ईजलासले प्रदेश सरकार, स्थानीय तह र अन्य Stakeholder हरूको हालसम्मको प्रयासको सराहना गर्दै स्थानीय तहमा निर्मित क्वारेन्टाईन स्थलहरू ".. मापदण्ड २०७६" ले तोकेको स्तरमा पु-याई संचालन गर्नु/गराउनु, स्वास्थ्य परीक्षण नियमित गर्नु गराउनु र लाग्ने खर्चको प्रणाली मार्फत पारदर्शिता कायम गर्नु भनी सबै स्थानीय तहहरूलाई आदेश गरेको थियो। यस मुद्दामा विपक्षी बनाईएका क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समितिका संयोजक तथा स.प्र.जि.अ. लाई कुनै किसिमको आदेश गरेको पाइएको थिएन।

त्यसै गरी नेपाल निर्माण व्यवसायी संघको भवनलाई जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरको रूपमा विस्तार गर्ने भनी मिति २०७७/०२/१० गतेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयका विरूद्धमा सो भवन आस पासका समूदायले उच्च अदालत सुर्खेत, जुम्ला ईजलाशमा रिट दायर गर्नु भएको थियो। क्वारेन्टाईन स्थल घना बस्तीको बीचमा रहेको, विपद् व्यवस्थापन समितिले अन्य विकल्पका बारेमा विश्लेषण नगरेको र समूदायको राय सल्लाह नलिएको भनी रिटमा जिकीर गरिएको थियो। सम्मानित अदालतले मिति २०७७/०२/१३ गते तत्काललाई क्वारेन्टाईन नबनाउनु र २०७७/०२/१६ मा छलफलका लागि उपस्थित हुन भनी आदेश गरेको थियो। मिति - २०७७/०२/१६ मा क्वारेन्टाईन नबनाउनु भनी दिईएको अन्तरकालिन आदेशलाई निरन्तरता दिएको थियो। मिति २०७७/०२/२० मा बसेको संयुक्त ईजलाशले उक्त रिट खारेज गर्नुका साथै विपक्षीका नाममा ५ बुँदे निर्देशन जारी गरेको थियो।

## ९.१७. सचेतना तथा कोरोना सुचना कार्यक्रमः-

कोरोना भाइरस फैलने अवस्था सम्बन्धमा विभिन्न अन्तर्क्रिया कार्यक्रम, माइकिङ, पोस्टर, पम्पलेट, फ्लेक्स प्रदर्शनी, स्वास्थ्यकर्मी मार्फत तथा स्थानीय रेडियो समेतको सहयोगमा सचेतना अभिवृद्धि गर्ने कार्य गरिएको छ। सावुन पानीले विधि सम्बत रूपमा हात धुने, व्यक्तिगत सरसफाईमा ध्यान दिने, माक्स लगाउने, कोरोना भाइरसका लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्था वा चिकित्सकबाट सल्लाह लिने जस्ता विषयमा सूचना सम्प्रेषण गरिएको छ।



लकडाउनको माइकिङ गर्दै प्र.जि.अ.

## ९.१८. एकीकृत क्वारेन्टाईन सेन्टरको स्थापना र सञ्चालन

भारत लगायत तेस्रो मूलुक र नेपालको विभिन्न स्थानबाट जुम्ला जिल्लामा प्रवेश गर्ने व्यक्तिहरूका लागि जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको २०७७/०२/०३ गतेको बैठकको निर्णयले कर्णाली प्राविधिक शिक्षालयमा एकीकृत क्वारेन्टाईन सेन्टरको स्थापना गरेको थियो। क्वारेन्टाईन सेन्टरमा बस्ने व्यक्तिहरूको व्यवस्थापकीय खर्च स्थानीय तहले व्यहोर्ने निर्णय हुनुका साथै बाहिर जिल्लाका नागरिकहरूलाई क्वारेन्टाईन सेन्टरमा राख्नु परेमा त्यस बापतको खर्च प्रत्येक स्थानीय तहले दामासाहीले व्यहोर्ने निर्णय भएको थियो।



कर्णाली प्राविधिक शिक्षालय, घुघुती

यस अघि स्थानीय तह अन्तर्गत रहेका क्वारेन्टाईन सेन्टरमा बाहिरबाट आएका व्यक्तिहरू बस्न नमान्ने, जनप्रतिनिधिहरूसँग अनावश्यक वादविवाद, झै-झगडा गर्ने, क्वारेनटाईन सेन्टरबाट भाग्ने, अनावश्यक माग राख्ने जस्ता व्यवस्थापकीय कठिनाईका कारण COVID-19 विरूद्धको अभियानलाई सशक्त बनाउनुका साथै जिल्लाको शान्ति सुरक्षालाई चुस्त दुरूस्त राख्न त्यस्तो कदम चालिएको थियो। यसरी जिल्ला प्रवेश गर्ने व्यक्तिहरूको संख्या बढे सँगसँगै तपशिल अनुसार एकीकृत क्वारेन्टाईन सेन्टरको स्थापना र सुरक्षाको व्यवस्था गरिएको थियो।

| सि.न. | स्थानीय तह | क्वारेन्टाईन स्थल | जिम्मेवार सुरक्षा निकाय | सहयोगी सुरक्षा निकाय |
|---|---|---|---|---|
| १ | चन्दननाथ नगरपालिका | कर्णाली प्राविधिक शिक्षालय, घुघुती | नेपाली सेना | नेपाल प्रहरी |
| २ | चन्दननाथ नगरपालिका | नेपाल निर्माण व्यवसायी संघको भवन | नेपाली सेना | नेपाल प्रहरी |
| ३ | तातोपानी गाँउपालिका | दुर्गा मा.वि.,लाम्रा | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ४ | तातोपानी गाउँपालिका | हिमशिखर मा.वि. तातोपानी | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ५ | तातोपानी गाँउपालिका | नेत्र ज्योति मा.वि., हाँकु | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ६ | तिला गाँउपालिका | सरस्वती मा.वि., कुडारी | नेपाल प्रहरी | |
| ७ | तिला गाँउपालिका | सीता मा.वि., रारालिही | सशस्त्र प्रहरी बल, नेपाल | नेपाल प्रहरी |
| ८ | हिमा गाँउपालिका | कालिका मा.वि., कालिकाखेतु | नेपाली सेना | नेपाल प्रहरी |
| ९ | हिमा गाउँपालिका | महादेव मा.वि. पातरखोला | नेपाली सेना | नेपाल प्रहरी |
| १० | हिमा गाँउपालिका | राहदेव मा.वि., मोफ्ला | नेपाल प्रहरी | |
| ११ | पातारासी गाँउपालिका | कर्णाली ईन्सिच्युट, डिल्लीचौर | नेपाल प्रहरी | |
| १२ | सिंजा गाँउपालिका | सिंजा बहुमुखी क्याम्पस, नराकोट | नेपाल प्रहरी | |
| १३ | कनकासुन्दरी गाँउपालिका | नेपाल राष्ट्रिय मा.वि., मालिकाबोता | नेपाल प्रहरी | |
| १४ | गुठिचौर गाँउपालिका | पुरानो प्रहरी चौकी भवन, धवलमुडि | नेपाल प्रहरी | |

### ९.१९. क्वारेन्टाईन सेन्टरमा योगाभ्यास संचालनः-



क्वारेन्टानमा रहेकाहरुका व्यक्तिहरु योगाभ्यासमा

जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरहरूमा रहनु भएका व्यक्तिहरूको मानसिक तथा शारीरिक तन्दुरूस्तीका लागि प्रथम पटक २०७७/०२/०६ गते देखि २०७७/०२/१० सम्म ५ दिने योगाभ्यास संचालन गरिएको थियो । CCMC, जुम्लाको संयोजन तथा जिल्ला जनस्वास्थ्य सेवा कार्यालय, आयुर्वेद शाखाको व्यवस्थापनमा संचालित कार्यक्रमको प्रमुख प्रशिक्षक डा. प्रतिभा शर्मा हुनुहुन्थ्यो। योगका माध्यमबाट कोरोना भाईरसले उत्पन्न गरेको मानसिक तनाबलाई कम गर्न तथा हरेक नागरिकको जीवनलाई अनुशासित बनाउनु सो कार्यक्रमको उद्धेश्य रहेको थियो । यसै गरी दोस्रो चरणमा मिति २०७७/०२/२८ गते देखि २०७७/०२/३२ सम्म संचालन गरिएको थियो। यसै क्रममा क्वारेन्टाईनमा बसेका व्यक्तिहरूलाई रोग विरूद्ध लड्ने आयुर्वेद औषधी पनि वितरण गरिएको थियो। हालसम्म करीब ५०० (पाँच सय) भन्दा बढि व्यक्तिहरूलाई योग अभ्यास गराएको विवरण CCMC, जुम्लामा प्राप्त भएको छ।



### ९.२०. स्थानीय तहमा विशेषज्ञ चिकित्सक टोली परिचालनः-

कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, जुम्लाको अनुरोध तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको निर्णय अनुसार जुम्ला जिल्लाका ८ वटै स्थानीय तहमा विशेषज्ञ चिकित्सक टोली परिचालन गरिएको छ। जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरमा रहेका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गर्ने, त्यस्ता व्यक्तिहरूलाई मनोपरामर्श दिने तथा स्थानीय तहले स्थापना तथा संचालन गर्ने आइसोलेसन कक्षलाई विशेषज्ञ सेवा दिने काम उक्त टोलीले गरिरहेको छ।

**प्रत्येक स्थानीय तहमा परिचालित चिकित्सक टोलीको नामावली देहाय बमोजिम रहेको छ।**

| सि.नं. | नामथर | पद | खटिने स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | प्रा.डा. कमलराज शर्मा | प्राध्यापक | गुठिचौर गाँउपालिका | |
| २. | प्रा.डा. राम प्रसाद उप्रेति | प्राध्यापक | गुठिचौर गाँउपालिका | ९८५१०३९८०९ |
| ३. | डा. सुनिल बुढाथोकी | प्राध्यापक | तातोपानी गाँउपालिका | ९८४२०२१९५१ |
| ४. | श्री सुष्मा काफ्ले | लेक्चर | तातोपानी गाँउपालिका | |
| ५. | डा. कपिल अम्गाई | उप प्राध्यापक | पातारासी गाँउपालिका | ९८४९०८११६४ |
| ६. | डा. भुमेस काफ्ले | डेन्टल सर्जन | पातारासी गाँउपालिका | |
| ७. | डा. सन्जिब पण्डित | लेक्चर | तिला गाँउपालिका | ९८५८३२२५५९ |
| ८. | डा. आशा शर्मा | मेडिकल अधिकृत | तिला गाँउपालिका | |
| ९. | डा. विशाल पोखरेल | उप प्राध्यापक | सिंजा गाँउपालिका | ९८४१९४३२८८ |
| १०. | डा. दृष्टिराज जोसी | डेन्टल सर्जन | सिंजा गाँउपालिका | |
| ११. | डा. शम्भु यादव | मेडिकल अधिकृत | कनकासुन्दरी गाँउपालिका | ९८६०६५२५६३ |
| १२. | डा. प्रविण गिरी | उप प्राध्यापक | चन्दननाथ नगरपालिका | ९८५८३२००५३ |
| १३. | डा. अर्जुन तिवारी | लेक्चर | चन्दननाथ नगरपालिका | |
| १४. | डा. अब्जित मिश्र | मेडिकल अधिकृत | हिमा गाँउपालिका | ९८५१२०१७०७ |
| १५. | डा. महिमा थापा | मेडिकल अधिकृत | हिमा गाँउपालिका | |

## ९.२१. स्वारेन्टाईन स्थल तथा लकडाउनको अनुगमनः-


सरस्वती मा.वि. कुडारीमा प्र.जि.अ. सहितको टोली

जिल्ला स्थित क्वारेन्टाईन स्थलहरूको CCMC, जुम्लाले निरन्तर रूपमा अनुगमन गरिरहेको छ। प्रमुख जिल्ला अधिकारी तथा CCMC का संयोजक श्री भूपेन्द्र थापाज्यूको नेतृत्वमा कनकासुन्दरी, सिंजा, हिमा, तातोपानी, पातारासी गाँउपालिका तथा चन्दननाथ नगरपालिका अन्तर्गत रहेका जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरहरूको स्थलगत अनुगमन गरेको थियो। क्वारेन्टाईन स्थलमा भएको लजिस्टिक व्यवस्था, सुरक्षा व्यवस्था, स्वास्थ्य परीक्षण, सरसफाई व्यवस्थापन तथा क्वारेन्टाईनमा बसेका व्यक्तिहरूको मनोविज्ञानका बारेमा छलफल गरिएको थियो। अनुगमन टिममा नन्दा बक्स गणका गणपति श्री दिवाकर रायमाझी, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्री लाल बहादुर धामी, सशस्त्र प्रहरी बल ३३ नं. गणका निमित्त गणपति सशस्त्र प्रहरी नायब उपरीक्षक श्री गगन श्रेष्ठ, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका अस्पताल निर्देशक डा. श्री मंगल रावल, सहायक प्रमुख जिल्ला अधिकारी श्री ओम प्रकाश देवकोटा, जिल्ला जनस्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत श्री कृष्ण सापकोटा र राष्ट्रिय अनुसन्धान, जुम्लाका अनुसन्धान अधिकृत श्री भानुभक्त शर्मा रहनु भएको थियो।


अनुगमनको क्रममा पातारासी गा.पा.मा प्र.जि.अ.ज्यू लगायत


लकडाउन अनुगमनमा प्र.जि.अ.ज्यू लगायत

## ९.२२. जुम्लामा प्रथम पटक कोरोना संक्रमण र Isolation कक्षमा स्थानान्तरणः-

जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टर कर्णाली प्राविधिक शिक्षालयमा रहनु भएका दोस्रो चरणका २५ जना व्यक्तिहरूको PCR परीक्षण गर्दा २०७७/०२/१९ मा जुम्लामा प्रथम पटक १९ जनामा कोरोना संक्रमण


कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला

देखिएको थियो । जसमध्य १६ जना भारतबाट आउनु भएको थियो भने २ जना सुरक्षाकर्मी र १ जना स्वास्थ्य सेवामा खटिनु भएका स्वास्थ्यकर्मी हुनु हुन्थ्यो । तत् पश्चात सो सेन्टरको व्यवस्थापनमा खटिनु भएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, क्यान्टिन संचालक, व्यवस्थापकीय कर्मचारीहरूको PCR परीक्षण गरिएको थियो । यस परीक्षणले थप ७ जना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरूमा संक्रमण देखिएको थियो । यसरी संक्रमण देखिएका व्यक्तिहरूलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको Isolation कक्षमा राखी उपचारको व्यवस्था मिलाईएको छ ।

## ९.२३. कोरोना भाईरस विरूद्ध विजयी र घर फिर्ता:-

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारार्थ कोरोना संक्रमित व्यक्तिहरूको मिति २०७७/०२/२७ मा गरिएको PCR परीक्षणमा १८ जना व्यक्तिहरूको नतिजा Negative भए पछि सोही दिन प्रतिष्ठानले उहाँहरूको विदाई गरेको थियो । विदाई कार्यक्रममा CCMC, जुम्लाका संयोजक तथा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा लगायत जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरू, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका अस्पताल निर्देशक डा. मंगल रावल, रजिष्टार श्री विश्वराज काफ्लेको उपस्थिति रहेको थियो । कोरोना माथि विजयी व्यक्तिहरूलाई घरमा पुगे पछि अपनाउनु पर्ने सावधानीका बारेमा डा. धिरज गुरूङले सुझाव प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूले शुभकामना व्यक्त गर्नु भएको थियो । असार मसान्तसम्म यसरी घर फर्कने व्यक्तिहरूको संख्या ६९ जना पुगिसकेको छ ।



Isolation बाट घर फिर्ता भएका व्यक्तिहरू

## ९.२४. राहत सामाग्री वितरण:-

जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरहरूलाई व्यवस्थित र मापदण्ड बमोजिम बनाउन सहयोग गर्ने हेतुले Plan International तथा KIRDAC, जुम्लाको सहयोग तथा जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको सहजीकरणमा मिति २०७७/०२/२८ गते तातोपानी, तिला, हिमा, सिंजा गाँउपालिकालाई वेड, म्याट,



राहत सामाग्री वितरण गर्दै प्र.जि.अ. भूपेन्द्र थापा

वेड कभर, साबुन, मास्क, सेनिटाईजर, पञ्जा लगायतका २० प्रकारका राहत सामाग्रीहरू वितरण गरिएको थियो । कार्यक्रममा जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूले कोरोना विरूद्धको अभियानमा सबैको हातेमालो र सहकार्यमा मात्रै सफल हुने बताउनु भएको थियो । यसरी राहत सामाग्री वितरण गर्ने संस्थाहरूमा कास्डा नेपाल, हातेमालो समाज, पेस नेपाल रहेका थिए ।

## ९.२५. समुदायको अवरोध तथा सहकार्य



समूदायलाई अवरोध नगर्न अनुरोध गर्दै चन्दननाथ न.पा. का मेयर कान्तिका सेजुवाल

जिल्ला स्तरीय एकीकृत क्वारेन्टाईन सेन्टरका रूपमा निर्माण गरिएको नेपाल निर्माण व्यवसायी संघ, जुम्लाको भवन आसपासका बासिन्दाहरूले रिटका माध्यमबाट अवरोध जनाएपछि अन्य एकीकृत क्वारेन्टाईन सेन्टर आसपासका बासिन्दाहरूले पनि विरोध र असहयोग गर्न थाले । कर्णाली राजमार्ग पर्ने विद्यालय र चन्दननाथ नगरपालिका भित्र रहेका सरकारी संरचना प्रयोग गरी क्वारेन्टाईन संचालन गर्ने विषय सकस बन्दै गईरहेको थियो । सम्मानित उच्च अदालत सुर्खेत, जुम्ला ईजलाशको २०७७/०२/२० को आदेश तथा भारतबाट आउने व्यक्तिको अत्याधिक चाप बढ्न थाले पछि जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको निर्णय अनुसार एकीकृत क्वारेन्टाईन सेन्टरका रूपमा रहेका सबै संरचनाहरूमा यसरी आएका व्यक्तिहरूलाई बसाल्ने तथा तिनको खानपान, सुरक्षा, बन्दोबस्ती लगायतको कार्यमा समूदाय तथा युवापंक्तिको अत्यन्तै सारगर्भित सहयोग रहदै आएको छ । हालैका दिनहरूमा क्वारेन्टाईन स्थलमा आवश्यक सामाग्री वितरण, मनोविमर्श, क्वारेन्टाईनमा बस्नु पर्ने कारण, समूदायको भूमिका सहितका विषयमा स्वयंसेवक समूह बनाई सहकार्य भईरहेको छ ।

## ९.२६. कर्फ्यूको आदेश तथा संवेदशनशील क्षेत्र शील

कर्णाली प्राविधिक शिक्षालय, एकीकृत क्वारेन्टाईन सेन्टरमा रहेका व्यक्तिहरूमा कोरोना संक्रमित देखिए पछिको अवस्थालाई मध्यनजर गर्दै थप शतर्कता तथा संक्रमण फैलन नदिनका लागि २०७७/०२/२१ गते बिहान ९ बजे देखि २०७७/०२/२३ गते राती १२ बजेसम्म कर्फ्यू आदेश जारी गरिएको थियो । यसै दौरानमा कर्णाली प्राविधिक शिक्षालय रहेको चन्दननाथ नगरपालिका वडा नं. ३ र त्यससँगै जोडिएको वडा नं. २ लाई मिति २०७७/०२/२३ गते देखि २०७७/०२/२५ गतेसम्म पूर्णरूपमा बन्द (Seal) गरिएको थियो । कृषि कार्य र विकास निर्माण लगायतका महत्वपूर्ण कार्य गर्ने समय रहेता पनि कर्फ्यू तथा सील गर्ने जिल्ला प्रशासन कार्यालयको निर्णयलाई

आम नागरिकबाट पूर्ण समर्थन रहेको पाईयो । सील भएको संवेदनशील क्षेत्रमै Contract Tracing र Testing विधिलाई अपनाई कोरोनाको समूदाय स्तरमा हुन सक्ने संक्रमणलाई नियन्त्रण गरिएको थियो ।

### ९.२७. COVID-19 Friendly Ambulance को व्यवस्था



COVID-19 Friendly Ambulance

जिल्ला विपद् व्यवस्थापन समिति, जुम्लाको निर्णय तथा CCMC, जुम्लाको व्यवस्थापनमा कोरोना संक्रमित व्यक्तिहरूलाई अस्पतालसम्म ल्याउने कार्यका लागि **COVID-19 Friendly Ambulance** को व्यवस्था गरिएको छ । उक्त सवारी साधन स्थानीय राज बहादुर रावलले मासिक भाडामा उपलब्ध गराएका हुन भने सो को व्यवस्थापनका लागि स्थानीय समाज सेवी श्री देवेन्द्र बहादुर शाहीले रू. १ (एक) लाख सहयोग गर्नु भएको छ । यसै गरी संघीय खानेपानी आयोजना, पूर्वाधार विकास कार्यालय तथा खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालयले ईन्धन उपलब्ध गराएका छन् । कोरोना संक्रमितलाई अस्पतालसम्म ल्याउन यो एम्बुलेन्सको प्रयोग गर्ने गरिएको छ ।




### ९.२८. अन्य सृजनात्मक कार्यहरू

- सामाजिक सुरक्षा भत्ता नागरिकहरूको घर-घरमै पु-याईएको छ ।
- बैंकमा भीडभाड हुन नदिन निश्चित दिन र समय तोकिएको छ ।
- स्यानीटाइजर तथा मास्क स्थानीय तहमै उत्पादन शुरू गरिएको छ ।
- Online सवारी पास सुचारू गरिएको छ ।
- विपद्को यस घडीमा कार्यालयका सूचनाहरू कार्यालयको आधिकारिक फेसबुक तथा वेवसाइटमा तुरून्तै राखिने गरिएको छ ।
- विकास आयोजनाहरूलाई सामाजिक दुरी कायम गरी सञ्चालन गर्न निर्माण सामाग्रीको ढुवानीलाई आवश्यक सहजीकरण गरिएको छ ।
- भिएस्ट्रा एयरवेजबाट आएका यस जिल्लाका व्यक्तिको समयमा नै Tracking र Tracing गरी संभावित जोखिमलाई नियन्त्रण गरिएको छ ।
- कोभिड – १९ को रोकथाम र नियन्त्रणका सम्बन्धमा कर्णाली प्रदेश सरकारका मूख्यमन्त्रि र आन्तिरक मामिला तथा कानून मन्त्रीसँग भिन्न भिन्न मितिमा भिडियो कन्फ्रेन्सिंग मार्फत जिल्लाको वस्तु स्थिति प्रस्तुत गरिएको छ ।

### ९.२९. जिल्लामा COVID-19 को नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा गरिएको विश्लेषण:-

**(क) सवल पक्षहरू:-**

१. जिल्ला तहमा COVID-19 Crisis Management Centre, को नियमित बैठक र समन्वय।

२. जिल्लामा कमाण्ड पोष्ट स्थापना र सञ्चालन।

३. दैनिक रूपमा विस्तृत प्रतिवेदन प्रणाली र नियमित छलफल।

४. स्थानीय स्तरमा श्रोत साधन उपलव्ध भएका आधारमा जिल्लाभरिका ४६ स्थानमा ५२१ क्वारेन्टाइन शैया रहेका।

५. जिल्लामा उपलव्ध ५ वटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको।

६. सबै स्थानीय तहको सहयोगमा जुम्ला र कालिकोटको जिल्ला सीमानामा पर्ने नाग्ममा एकीकृत Health Desk सञ्चालन।

७. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लामा १२० वेड क्षमताको आइसोलेसन वार्ड, १० ICU वेड स्थापना।

८. राजनीतीक दल, स्थानीय तह, सञ्चार माध्यम, उद्योग वाणिज्य संघ तथा संचारकर्मी समेतको सहभागितामा कोभिड -१९ सम्वन्धी विभिन्न सचेतना कार्यक्रम सञ्चालन।

९. रोग नियन्त्रणलाई प्रभावकारी बनाउँदै तत्काल प्रतिकार्यका लागि Rapid Response Team तथा Patiend Receiving Team गठन।

१०. जिल्ला विपद् व्यवस्थापन समिति मार्फत जिल्लाभर व्यवस्थापकीय एकरूपता र लकडाउनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय।

११. अन्यत्रबाट जिल्लामा प्रवेश गर्ने नागरिकको विवरण अध्यावधिक गरी RDT र आवश्यकताका आधारमा PCR परीक्षण गर्ने गरिएको।

१२. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र स्थानीय तह अन्तर्गत रहेका प्रत्येक स्वास्थ्य केन्द्रहरूमा फिवर क्लिनिकको प्रवन्ध गरी सेवा प्रभाव भैरहेको।

१३. जिल्लामा खाद्य सामाग्रीको सहज आपूर्तिका लागि जिल्ला स्थित खाद्य तथा व्यापार कम्पनी लिमिटेड, कृषि विकास कार्यालय, उद्योग वाणिज्य संघ, खाद्य स्टोरहरू लगायत अन्य सरोकारवालाहरूसँग समन्वय गरिएको।

**(ख) चुनौतीहरू:-**

१. भौगोलिक दुर्गमता तथा पूर्वाधारको न्यून विकासका कारणले सबै स्थानीय तहहरूलाई सहजरूपमा कोभिड-१९ नियन्त्रण सम्वन्धी स्वास्थ्य सामाग्री तथा क्वारेन्टाइन व्यवस्थापनमा समस्या।

२. कतिपय समयमा दुर्गमताका कारणले विभिन्न स्थानीय तहसँग सञ्चार सम्पर्क समेत नहुँदा रिपोर्टिङमा समस्या हुने गरेको।

३. जिल्लाको आफ्नो खाद्य उत्पादन न्यून हुनु, जटिल भौगोलिकताले भएको उत्पादनको समेत समयमै सहज वितरण गर्न नसकिनु जस्ता कारणले लकडाउन लामो समयसम्म रहेमा खाद्यान्न उपलव्धतामा समस्या हुन सक्ने।

४. जिल्लाका धेरै नागरिकहरू काम तथा अन्य प्रयोजनका लागि भारत लगायत अन्य देश तथा अन्यत्र शहरी क्षेत्रमा गएका र उनीहरूको पैदल तथा अन्य तरिकाले फर्कने क्रम बढेकोले क्वारेन्टाइन तथा ट्र्याकिङ र ट्रेसिङ व्यवस्थापनमा समस्या देखिएको।

**(ग) भावी कार्यदिशाः -**

१. जुम्ला जिल्लामा प्रवेश गर्ने प्रत्येक व्यक्तिहरूको स्थानीय तह, नेपाल प्रहरी तथा राष्ट्रिय अनुसन्धानले अभिलेखिकरण गर्ने,

२. जिल्लाका सीमा नाकाहरूको सुरक्षा व्यवस्था चुस्त दुरूस्त बनाउने,

३. कुनै पनि माध्यमबाट व्यक्तिहरूको प्रवेश भएमा स्थानीय तह तथा नजिकको प्रहरी कार्यालयमा सूचना दिन नागरिकलाई अभिप्ररित गर्ने,

४. जिल्ला प्रवेश गरेका प्रत्येक व्यक्तिलाइ एकीकृत क्वारेन्टाइन सेन्टरमा राख्ने,

५. PCR परीक्षणको दायरालाई फराकिलो बनाउने,

६. नियमित स्वास्थ्य केन्द्रहरूलाई साधन सम्पन्न बनाउन स्थानीय तह तथा सरोकारवाला निकायलाई तत्पर गराउने,

७. शंकास्पद बिरामी भेटिएमा तुरून्त कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका लागि पु-याउने,

८. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको Isolation Bed लाई सुविधायूक्त बनाउने,

९. RRT/PRT लाई थप क्रियाशिल बनाउने,

१०. COVID-19 को संक्रमणबाट मृत्यु भएमा नेपाल सरकारको नीति र मृतकको पारिवारिक संस्कारलाई मध्यनजर गरी लाश व्यवस्थापन गर्ने,

११. COVID-19 को रोकथाम र नियन्त्रणका लागि अग्र पंक्तिमा रहने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, जनप्रतिनिधि, कर्मचारी तथा संचारकर्मीको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्ने,

## १०, जिल्ला प्रशासन सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयनः

नेपाल सरकार, गृह मन्त्रालयबाट जारी गरिएको गृह प्रशासन सुधार कार्ययोजना २०७५ तथा समय समयमा प्राप्त अन्य निर्देशन, प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट जारी निर्देशनका साथै जिल्लाको समग्र वस्तुस्थितिका आधारमा जिल्लाको प्रशासन सुधार, शान्ति सुरक्षा व्यवस्था, सार्वजनिक सेवा प्रवाह / सुशासन, सूचना प्रविधिमा आधारीत जिल्ला प्रशासन जनशक्ति व्यवस्थापन, विपद् जोखिम न्यूनिकरण तथा क्षमता अभिवृद्धि, अनुशासन र सदाचारिता, सामाजिक अपराध न्यूनिकरण लगायतका विषयहरूमा विभिन्न त्रियाकलापहरू सञ्चालन गर्ने गरी सरोकारवाला व्यक्ति, पदाधिकारी तथा निकायहरू (निजामति कर्मचारीहरूको अधिकारीक ट्रेड युनियन, विषयगत कार्यालयहरू, स्थानीय तहका जनप्रतिनिधिहरू, नागरिक समाज, राजनैतिक

दल लगायत) को राय सुझाव समेतका आधारमा कार्ययोजना तर्जुमा तथा कार्यान्वयन भैरहेको छ। तोकिएको समयमा पूरा गर्नु पर्ने शत प्रतिशत क्रियाकलापहरू पुरा भएको थियो।

## १०.१ शुद्ध खानेपानीको सुविधा



सेवाग्राही मैत्री कार्यालय वातावरण सिर्जनाका लागि २०७६ श्रावण देखि कार्यालय परिसर भित्र शुद्ध खाने पानी (तातो,चिसो) व्यवस्था मिलाईएको छ। सेवाग्राहीहरूले समय व्यवस्थापनका लागि उक्त सेवाहरू प्रयोग गर्ने गरेका छन।

## १०.२. स्तनपान कक्ष व्यवस्थापन।

सुत्केरी तथा साना वच्चा भएका महिला सेवाग्राहीहरूको लागि स्तनपान कक्ष निर्माण गरीएको छ।




## १०.३. लैङ्गिक मैत्री शौचालय व्यवस्थापनः

कार्यालयमा पुरूष तथा महिला सेवाग्राहीहरूको लागि छुट्टा छुट्टै सफा तथा पर्याप्त पानीको सुविधा सहितको शौचालयको व्यस्था गरी महीला शौचालयमा सेनिटरी प्याडको समेत व्यवस्था गरिएको छ।






## १०.४. नागरिक सहायता कक्षः

सेवा ग्राहीहरूको सहजताका लागि नागरिक सहायत कक्षको व्यवस्था गरिएको छ।

## १०.५.फोहोरमैला संकलन तथा व्यवस्थापन सहजीकरणः

चन्दननाथ नगर क्षेत्रमा प्रमुख जिल्ला अधिकारी श्री भूपेन्द्र थापाज्यूको संयोजकत्वमा फोहोर मैला संकलन गरिएको थियो । फोहोर संकलन कार्यमा जिल्ला समन्वय समितिका पदाधिकारी, चन्दननाथ नगरपालिका पदाधिकारी, जिल्ला स्थित सुरक्षा निकाय, कर्मचारी, उद्योगी/व्यवसायी, युवा संजाल तथा स्थानीय समूदायको सहभागिता रहेको थियो। नगर क्षेत्रमा जथाभावी फालिएको फोहरलाई संकलन केन्द्रसम्म लैजान र व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालयले चन्दननाथ नगरपालिका, उद्योग वाणिज्य संघ, डिभिजन वन कार्यालय, गै.स.स., नागरिक समाज र युवा सञ्जालसँग समन्वय बैठक गरेको थियो।



## ११. जुम्ला जिल्लाका कार्यालयहरूको कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण:

| कार्यालयको नाम | कार्यालयको न. | कार्यालय प्रमुखको नाम | का.प्र फोन न. | सुचना अधिकारीको नाम | फोन न | इमेल आइडी |
|---|---|---|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | ०८७-५२०११२ | भूपेन्द्र थापा | ९८५८३२७७७७ | ओम प्रकाश देवकोटा | ९८५८३२०३८० | omprakashram.opd@gmail.com |
| उच्च अदालत जुम्ला इजलास | ०८७-५२०१५७ | अर्जुन प्र कोइराला | ९८५८३२०२८४ | टिकाराज चौलागाई | ९८४३२०९२८३ | info.hcijumla@supremecourt.gov.np |
| उच्च सरकारी वकिल का. जुम्ला | ०८७-५२००१० | पुन्य प्र. पाठक | ९८५८३२०३५३ | किस्न कुमारी भण्डारी | ९८४८३००६१९ | appelateattorneyjumla@gmail.com |
| जुम्ला जिल्ला अदालत | ०८७-५२०४३७ | कपिल पौडयाल | ९७५८९००२९२ | कपिल पौडयाल | ९७५८९००२९२ | infodcjumla@supremecourt.gov.np |
| जिल्ला सरकारी वकिल कार्यालय जुम्ला | ०८७-५२०१८९ | स्यामहरि अधिकारी | ९८५८३२०६६२ | सविना बुढथापा | ९८६४७३२८२ | dgao.jumla@gmail.com |
| जिल्ला प्रहरी कार्यालय जुम्ला | ०८७-५२०११३ | लाल ब धामी | ९८५८३२५५५५ | राजेन्द्र व चंन्द | ९८५८४९००२२ | dpojumla@nepalpolice.gov.np |
| नन्द दल गण | ०८७-५२०१९९ | दिवाकर रायमाझी | ९८५११७१०३३ | मिजेन्द्र पाखी | ९८५१०८९२८६ | nandabox1863@gmail.com |
| जिल्ला समन्वय समिति जुम्ला | ०८७-५२०५४४ | चेतनाथ अर्याल | ९८५११२७६९३ | दुर्गा स्वाँर | ९८५१२५१२२२ | chetnatharya12015@gmail.com |
| को ले नि का. जुम्ला | ०८७-५२०११६ | राम प्र विडारी | ९८५८३२०३१६ | नवराज देवकोटा | ९८५८३२०२०३ | dtcojumla@gmail.com |
| जिल्ला शिक्षा तथा समन्वय इकाई जुम्ला | ०८७-५२०००९ | मक्कर व भण्डारी | ९८५८३२२००९ | शिव शंकर चौलागाई | ९८५८३२०२२१ | deojumla4@gmail. com |
| जिल्ला निर्वाचन कार्यालय | ०८७-५२०१९५ | अविनन्द चौलागाई | ९८५८३२०३४२ | धन व रावल | ९८४००७४४२७ | ec.deo.jumla@gmail.com |
| लोक सेवा आयोग जुम्ला | ०८७-५२०००८ | नारायण प्र अर्याल | ९८५८३२२२२८ | रामकृष्ण अधिकारी | ९८४१८९८४६१ | psckarnali@gmail.com |
| नापी कार्यालय | ०८७-५२०१९६ | खडग व खडका | ९८५८३२११९६ | कुश न्यौपाने | ९८६१८४२८२५ | napijumla@gmail.com |
| आन्तरि राजस्व कार्यालय जुम्ला | ०८७-५२०५५२ | हिमालय वम | ९८५८३२०३५१ | जगत घर्ती | ९८५८३२२३५१ | tso–jumla@ird.gov.np |
| वनस्पति अनुसन्धान केन्द्र जुम्ला | ०८७-६९०००९ | चन्द्रमोहन गुर्माछान | ९८५८३२०१४२ | हेमन्त कुमार के सी. | ९८६८२२९३९८ | dpr.jumla @gmail.com |
| तथ्याँक कायालय जुम्ला | ०८७-५२००३४ | शंकर दत्त भट्ट | ९८५८३६६०३४ | जय शंकर चौलागाई | ९७४८९३७२६० | bhattshankar86@gmail.com |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| संघिय खानेपानि तथा ढल व्यावस्थापन कार्यालय जुम्ला | ०८७-५२०५०६ | महेश न्यौपाने | ९८५१११३३३६ | चक्र ब भण्डारी | ९८४९७११७४० | fwssmpjumla@gmail.com |
| जिल्ला हुलाक कार्यालय जुम्ला | ०८७-५२००२६ | रामलाल प्याकुरेल | ९८५८३९०९७७ | गणेश दत्त रावल | ९८४१९०४४१६ | postofficejumla026@gmail.com |
| मालपोत कार्यालय जुम्ला | ०८७-५२००२२ | मिन ब रावल | ९८५८३२०७२२ | नारायणी चौलागाई | ९८४८३०५४५८ | chulagainacharya@gmail.com |
| खाध प्रविधी तथा गुण नियन्त्रण डि.का. | ०८७-५२००४३ | अमित भुषण सुमन | ९७५८९०१२४६ | भरत रोकाया | ९८५८३६६३०० | ftqcdojumla@gmail.com |
| कारागार कार्यालय जुम्ला | ०८७-५२०१६६ | गया प्र पाण्डे | ९८५८४७०७७७ | धन कृष्ण खत्री | ९८५८३६६३७७ | jumla.it@dopm.gov.np |
| ई. प्र कार्यालय नराकोट जुम्ला | | मधुशंकर उपाध्याय | ९८५८६२०१७७ | नन्दकृष्ण उपाध्याय | ९८४८३१४७६५ | upadhayaynandakrishna@gmail.com |
| हावापानी फिल्ड कार्यालय जुम्ला | ०८७-५२०१८७ | आसम पुरा कार्की | ९८४८३९१२४८ | गंगा हमाल | ९८६४८६८२६९ | karkiasha697@gmail.com |
| स्याउ सुपरजोन जुम्ला | ०८७-५२०६६६ | नवराज भण्डारी | ९८५६०३०३६४ | हिक्मत राज गिरि | ९७४८९०४२३४ | superzonejumla66@gmail.com |
| जिल्ला कृषि विकास कार्यालय | ०८७-५२००२७ | बालाक राम देवकोटा | ९८४८०४७४६२ | कमला थापा | ९७४८९०४६५६ | ........ |
| सडक डिभिजन कार्यालय जुम्ला | ०८७-५२०६२१ | लिला ब भण्डारी | ९८५६०२५०२६ | दिपक वि क. | ९८६८३८९८२७ | deepkbk1418@gmail.com |
| सामाजिक विकास कार्यालय जुम्ला | ०८७-५२००४९ | वल विर सुनार | ९८५८४८०५७७ | टंकराज न्यौपाने | ९८५८४७८७७७ | sdojumla@gmail.com |
| सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय जुम्ला | ०८७-५२०३७५ | जगदीश लामेछाने | ९८५८३२०५०३ | गोपी चन्द्र आचार्य | ९८४७१५५९६७ | pudbcjumla@gmail.com |
| पुर्वाधार विकास कार्यालय जुम्ला | ०८७-५२०२०७ | रुप ब रावल | ९८५८३९१९०० | लक्ष्मण प्र पाण्डे | ९८५६०५०२१४ | idojumla@gmail.com |
| डिविजन वन कार्यालय जुम्ला | ०८७-५२००३५ | दिनेश जंग खत्री | ९८५८३२००३५ | चित्रण शर्मा | ९८५८३९१४०० | dfojumla@gov.np |
| भे. अ. तथा पशु कार्यालय जुम्ला | ०८७-५२००२८ | गोविन्द ब महत | ९८५८०२३५५८ | जनक सेजुवाल | ९८४८३००५९५ | vetsecjumla@gmail.com |
| जल स्रोत तथा सिचाई | ०८७-५२००३१ | आशिश धिताल | ९८६८३२१५८७ | नेत्र राज रेग्मी | ९८४८३५५८९ | mwiddno5jumla@gmail.co |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| डिभिजन कार्यालय | | | | | ७ | m |
| कर्णाली यातायात | ०८७-५२०६२३ | निर विक्रम शाही | ९८४८३०५६२८ | लोक ब महत | ९८४८३०६८११ | tmojumla@gmail.com |
| स्वास्थ्य कार्यालय जुम्ला | ०८७-५२०३८१ | कृष्ण सापकोटा | ९८४८०५०५७८ | प्रेम के सी. | ९८६८००८३१२ | hojumla2075@gmail.com |
| चन्दननाथ न.पा. जुम्ला | ०८७-५२००११ | पुरुषोतम देवकोटा | ९७५८९००६२० | विकल बुढथापा | ९८५८३२२२४ | cmjumla@gmail.com |
| कृषि अनुसन्धान केन्द विजयनगर जुम्ला | ०८७-५२००२३ | तिर्थ राज रिजाल | ९८४५०४४०६६ | प्रतिक्षा श्रेष्ठ | ९८६८६५३५६० | arsvijayanagarj@yahoo.co m |
| घरेलु विकास समिति जुम्ला | ०८७-५२००२१ | पदम प्र उपाध्याय | ९८५८३६६०२१ | रविन रावल | ९८४००१७४७३ | jumlagharelu@gmail.com |
| साल्ट ट्रेनिङ्ग क.लि. जुम्ला | ०८७-५२००१७ | खगेन्द्र ब मल्ल | ९८५८३२०१८८ | खगेन्द्र ब मल्ल | ९८५८३२०१८८ | khagendrabahadurmalla14 @gmail.com |
| नेपाल खाध संस्थान जुम्ला | ०८७-५२००१६ | तिलक सुनार | ९८४३१९४१३६ | तिलक सुनार | ९८४३१९४१३६ | tilaksunar10@gmail.com |
| नेपाल टेलिकम जुम्ला | ०८७-५२०१०१ | रामचन्द श्रेष्ठ | ९८५१०६०३३० | रामचन्द श्रेष्ठ | ९८५१०६०३३० | ppsjumla@ntc.net.np |
| नागरिक उड्यायन जुम्ला | ०८७-५२००१५ | महेन्द ब सिह | ९८४८७२९२९९ | रिङकी मल्लिक | ९८४९१३९५६९ | singhmahen1234@gmail.co m |
| रा. ब. बैक जुम्ला | ०८७-५२०३०३ | ओम ब शाही | ९८५८३२०५१८ | ओम ब शाही | ९८५८३२०५१८ | jumla@rbb.com.np |
| कृषि वि. बैक जुम्ला | ०८७-५२००२५ | घन स्याम न्यौपाने | ९८४८०५२२२९ | जनक ब शाही | ९८४८३३५०४६ | jumla.branch@adbl.gov.np |
| रेडियो नेपाल जुम्ला | | धनलाल वस्नेत | ९८६६८९६८३३ | | | |
| तिला गा.पा. | | नवराज सापकोट का.अ. | ९८४१२४९८३४ | | | |
| हिमा गा. पा. | | टोप ब बुढा का.अ. | ९८५८३२०४०२ | | | |
| पातारासि गा.पा. | | टेक ब बुढथापा का.अ. | ९७५८९०१२८२ | | | |
| गुठीचौर गा.पा | | | ९७५८९०१२७३ | | | |
| तातोपानी गा.पा. | | विष्णु प्र धिताल | ९७५८९०१२६६ | | | |
| जनस्वास्थ्य सेवा कार्यालय, जुम्ला | ०८७-५२०३८१ | कृष्ण सापकोटा | ९८४८०५०५७८ | प्रेम बहादुर सोमै | ९८४८०५९५७१ | hojumla2075@gmail.com |

# फोटो ग्यालरी












रोजगार सेवा केन्द्र
कनकासुन्दरी गाउँपालिका


कुसंस्कार कुरीति उन्मूलनमा



# मिडियामा जुम्ला

कान्तिपुर

## एक साता जुम्ला 'लकडाउन'

चैत ९, २०७६ | एलपी देवकोटा







जुम्ला — जिल्ला प्रशासन कार्यालय जुम्लामा आइतबार बसेको विपद् व्यवस्थापन समितिले सोमबारदेखि एक साता जिल्लालाई 'लकडाउन' गर्ने निर्णय गरेको छ । कोरोना भाइरस (कोभिड १९) को उच्च जोखिममा भएको भन्दै जुम्लालाई चैत १० देखि १६ गतेसम्म लकडाउन गरिने भएको हो ।



nepalkhabar समाज

## जुम्ला, डोटी र अछाममा कोरोना परीक्षणका लागि घुम्ती टोली पठाइँदै



नागरिक

समाज

## जुम्लामा क्वोरन्टिन अनुगमन




Health Pati
Together for healthy nation

गृहपृष्ठ | समाचार | सम्पादकीय | टिप्स | योग तथा आयुर्वेद | नर्सिङ | जनस्वास्थ्य

## कोरोना बिरुद्ध अहोरात्र खटिएका कर्णालीका स्वास्थ्यकर्मी

2.8K SHARES





Radio Nari Aawaj
100.6 MHz
समाचार र अनलाइन एफएम रेडियोका लागि संचार एप
गृह पृष्ठ
कर्णाली प्रदेश
राजनीति
समाज
महिला/बालबालिका
भिडियो
ग्यालरी
हाम्रो बारेमा
उद्धारका नाममा जोखिम निम्त्याउदै स्थानियतह
१२ बैशाख, २०७७


नयाँ पत्रिका
उच्च अदालत सुर्खेत जुम्ला इजलास
मापदण्डअनुसारको क्वारेन्टाइन नभएको भन्दै अदालतमा रिट दायर


मुख्य समाचार
राष्ट्रिय
प्रदेश
अर्थ
समाज
अन्तरवार्ता
खेलकुद
विचार
अन्तर्राष्ट्रिय
नयाँ नेपाल
जुम्लामा एकै दिन ८४९ जनाको स्वाब सङ्कलन : प्रतिष्ठान भन्छ दिनमा एक हजारको जाँच गर्न सक्छौं
राष्ट्रिय |
KARNALI ACADEMY OF HEALTH SCIENCES
शिक्षण अस्पताल, जुम्ला
स्वागतम
WELCOME


हेल्थ आवाज
होम
समाचार
विशेष रिपोर्ट
स्वास्थ्य शिक्षा
जनस्वास्थ्य
अन्तर्वार्ता / विचार
50% More Powerful
Goodknight Power Activ+
रोग सर्ने डरले स्थानीयले बनाउन दिएनन् विद्यालयमा क्वारेन्टाइन


कान्तिपुर
जुम्लाका गाउँमा चिकित्सक पुगे


CorePati
कोभिड १९ कोरोना भाईसरबाट बच्ने उपाय :
प्रजिअ थापाको प्रथामिकता : कोभिड रोकथाम सँगै सुशासन र शान्ति सुरक्षा


कोरोना जितेर फर्किए जुम्लाका १८ जना संक्रमित


OSNepal
काठमाडौंपछि सबैभन्दा बढी कोरोना परीक्षण जुम्लामा
570
SHARES
Trending Now

प्रकाशकः

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, जुम्ला

## वार्षिक बुलेटिन (आ.व. ०७६/०७७)

**url:http//daojumla.moho.gov.np**

**E- mail:daojumla@gmail.com**

**Fb.com / जिल्ला प्रशासन कार्यालय, जुम्ला**

**फोनः ०८७- ५२०१८०**